www.pravasi.com.np

# पल्टनघर

## साहित्य तथा विविध



प्रवासी नेपाली साहित्य समाज
वेलायत / ब्रुनाई

**प्रवासी नेपाली साहित्य समाज**
Nepali Diaspora Literature Society
बेलायत/ब्रुनाई

## पल्टनघर
(साहित्य तथा विविध)
सन् २०१२ (२०६९)

**सम्पादक मण्डल**
नवराज राई
आनन्द रानोहोछा

**सल्लाहकार सम्पादक**
विश्वासदीप तिगेला

**नेपाल सम्पादक**
डी. बी. आङ्बुङ

**कम्प्युटर ले-आउट**
विवश हेल्लोक


**सम्पर्क**
Sahitya Samaj (PNSS)
NPC 855, P. O. Box 8973
Kathmandu, Nepal
E-mail:
pravasisamaj@googlemail.com
Skype: pravasisamaj
www.pravasi.com.np
Ph: 006738893020


**मूल्य**
ने रू. ४०.००
$5.00, £5.00

# सधैं उपेक्षा नहोस्

नेपाली साहित्यको जग हाल्ने बेलामा लाहुरे मित्रसेन थापाले उत्कृष्ट साहित्य सिर्जना गरे, उत्कृष्ट कला पस्किए तर उनको अहिले पनि सही मूल्याङ्कन छैन । उनका सिर्जनाहरुसंग तुलना नै गर्न नमिल्ने साहित्य, कलाहरुलाई महान भनी लेखिए र उच्च सम्मान गरिएका छन् । बिडम्बना, पछिल्लो समयका धेरै मित्रसेनहरु आज पनि त्यसरी नै उपेक्षित हुनु परेको तीतो यथार्थता हामीसामु छदैछ । प्रवासीहरुलाई केन्द्रले कहिल्यै नजिक सम्झेनन् र बैगुनी केन्द्रप्रति प्रवासीहरु सधैं टाढा रहे, गुनासा गरे, तर केन्द्रले सुन्दैसुनेनन् । केन्द्रप्रति घृण्णा गरे बरु, तर विरुद्धमा कहिल्यै गएनन् । किनकि, कला, साहित्यफांटका निकायभन्दा आफ्नो मातृभूमि प्यारो छ ।

छात्तिभरि जो मातृभूमिको माया सांच्छन् आखिर उनीहरु सधैं सम्बद्ध निकायबाट उपेक्षित हुन्छन् । विभिन्न चुनौती र अवसरहरु आउछन् । तर प्रवासीलाई कहिल्यै सम्झदैनन् । आमा गुमाएकाले आमाको महत्व थाह पाएझैं पराईको देशमा पुगेर जो देशलाई सम्झेर कला, साहित्यमा डुबेका हुन्छन, दु:खेका हुन्छन् । तिनीहरुप्रति केन्द्रलाई कुनै वास्ता हुदैन । त्यसैले पनि नेपाली साहित्य(हरु) अपेक्षाकृत अगाडि जान नसक्नुको कारण प्रवासीहरुलाई समेट्न नसक्नु पनि एक हो । लाग्छ, कला, साहित्यको क्षेत्रमा काम गर्ने निकायहरु अन्धो छन् । लामो आलस्यमा परेका छन् । कुनै काम गरौं, राम्रो काम गरौं, उनीहरुको लागि टाढाको कुरा हुन् । बेलाबखत साझा प्रकाशन लगायत साहित्यसंग सम्बन्धित् निकायहरुको विघटन गर्नुपर्छ वा उनीहरुको काम अनुसारको नाम परिवर्तन गरिनुपर्छ भन्ने उठेका गुनासाहरुमित्र पक्कै केही सत्यता हुनुपर्छ । प्रवासीहरु प्रत्येक निकाय निष्पक्ष र समावेशी हुनुपर्दछ । सबैलाई समान अवसर र चुनौती हुनुपर्दछ भन्ने मान्यता राख्दछ ।

घरदेश छोडेर पराई भूमिमा पुगेको बेला व्यहोर्ने पीडा, वेदनाबाट नै सांचो र सुन्दर साहित्यको जन्म हुन्छ । परम्परागत संस्कारमा मौलाएको ऐसेलुको बोटमा पिंग खेल्ने साहित्यले मात्रचाहि अब नेपाली साहित्य समृद्ध बन्न सक्दैन । समग्रमा केन्द्रले डायास्पोरिक नेपालीहरुलाई जति सम्झन सक्दछ सम्भवत: त्योभन्दा बढी माया, सद्भाव र सहयोग केन्द्रले पनि प्राप्त गर्न सक्दछ । हुन त, नया अनलाईन प्रविधिको विकास र विस्तारसगैं केन्द्र कम महत्वको बन्न पुगेको छ । किनभने, साहित्य र कला पस्कन फेसबुक, युट्युव लगायतको माध्यम् प्रयोग गर्न सकिन्छ । पहिलाजस्तो मञ्च नै अब चाहिदैन । त्यसैले, परिवर्तित समय र विकाससंगैं कला, साहित्य लगायत प्रत्येक निकायले आफ्नो दृष्टिकोण र कार्यपद्धतिहरुमा सुधार र परिवर्तन गर्न नसके आफै उपयो गबिहीन बन्ने निश्चित प्राय: देखिन्छ ।

अन्त्मा, एक थुकी सुकी, हजार थुकी नदी । हामी चाहन्छौं प्रवासीहरुलाई कला, साहित्यसंग सम्बन्धित् निकायहरुले पनि सम्झिन सकोस् । हामी प्रवासीलाई सम्झनु कसैको हार होइन बरु सबैको जीत हो । हामी त्यो जीत सधैं चुम्न चाहन्छौं ।

जय पल्टनघर

# प्रवासी नेपाली साहित्य समाज, वेलायत/ब्रुनाई

## सङ्क्षिप्त परिचय

नेपाली साहित्यको संरक्षण, सम्बर्धन, विस्तार र विकास गर्ने उद्देश्यले सन् २००१ मा औपचारिक रुपबाट वेलायतको सर्नकिल्फमा प्रवासी नेपाली साहित्य समाज (Nepali Diaspora Literature Society) को स्थापना भएको हो। प्रवासमा सक्रिय साहित्यिक संस्थाहरुमध्ये अग्रपङ्क्तिमा रहेको यस समाजले देशविदेशमा राम्रो परिचय बनाउन सफल भएको छ।

भनिन्छ, नेपाली साहित्यको जग घर छोडेर प्रवास पुगेका लाहुरेहरुले बसाले। कर्मक्षेत्र देहरादुन पुगेका प्रवासी लाहुरेहरुले वि. स. १९५८ मा 'गोर्खा सागर प्रकाशित गरे, जुनबेला नेपालमा पहिलो पत्रिका गोर्खा पत्र प्रकाशन सुरु भएको थियो। प्रवासी लाहुरेहरुले गोर्खा संसार, द नर्दन स्टार, द हिमालयन टाइम्स, तरुण गोर्खा, पर्वते पत्रिका सन् १९५० मा प्रकाशनको सुरु हुँदा नेपालमा पत्रकारिताको सुरुवात नै भएको थिएन। त्यसबेला ती पत्रपत्रिकाहरुमा निरंकुश राणा शासनको विरुद्ध कथा, कविता लगायतका सिर्जनाहरु छापिन्थे। अफसोच, ती कुराहरुलाई अहिले कतै लेखिँदैन। मास्टर मित्रसेन थापा यस्ता लाहुरे स्रष्टा थिए जसले कथा, कविता, निबन्ध, नाटकमा कलम चलाएर नेपाली साहित्यमा महत्वपूर्ण योगदान दिए। नेपाली गीतसङ्गीतमा समेत वहाँको ठूलो योगदान रह्यो। वहाँ जस्ता साहित्य, सङ्गीत र देश, समाजको सेवामा धेरै प्रवासी लाहुरेहरु थिए र पछिल्लो समयमा शिक्षा, सम्पन्नतासँगै झनै बढेका छन्।

एक देशले अर्को देशसँग सम्झौता गरेर आफ्नो जनतालाई जाउँ भन्दछ र सरकारको हुकुम पालन गरी गोर्खाली सेनामा भर्ति हुने सरकारको हुकुम पालना गर्ने हो। त्यसैले, सरकारको हुकुम मान्नु देशको कूटनैतिक सेवा गर्नु हो। यसरी नेपालीहरुले गोर्खालीको नामबाट सेवा गरेको लगभग २ सय वर्ष भएको छ। श्रीमान र श्रीमति बीच विश्वासको सङ्कट हुने गर्दछ तर गोर्खालीहरुलाई बेलायत, ब्रुनाई, सिङ्गापुर, भारत, दुबई आदि मुलुकहरुमा आफ्नो नागरिकलाई भन्दा बढी विश्वास गर्नु आफैमा ठूलो उपलब्धि हो। यो विन्दुबाट पनि नयाँ दृष्टिकोण बनाउने पर्दछ भन्ने मान्यता रहेको छ। लामो र गौरवपूर्ण इतिहास निर्माण तथा महत्वपूर्ण उपलब्धिहरु हासिल हुनेमा अग्रज र हाल सेवार त्हरुले धेरै उतारचढावहरु व्यहोर्दै आएका छन्।

दोस्रो विश्व युद्ध, मलाया इमर्जेन्सी हुँदै कन्फन्टेशन र फोकल्यान्ड युद्ध पश्चात् बेलायती सेना तथा बृटिस गोर्खाली पल्टनहरु फुर्सदिला भए, थोरै सङ्ख्यामा मात्र गोर्खाली चाहिने भयो तब लेखपढ भएकाहरुलाई मात्र भर्ति गर्न थालियो जसल गर्दा लाहुरघरको वातावरणमा विस्तारै परिवर्तन हुन थाल्यो। फाट्फुट्ट साहित्यिक पत्रिका, कृति प्रकाशन हुन सुरुभयो र सन् १९९८ मा 'प्रवासी वेदनाका आवाजहरु' अर्धवार्षिक साहित्यिक पत्रिका प्रकाशन सुरुभयो। त्यो पत्रिका १० वर्षसम्म निरन्तर प्रकाशन भयो। उक्त पत्रिकाको प्रकाशन तथा सम्पादन काउन्सिलको आयोजनामा विभिन्न साहित्यिक कार्यक्रमहरु हुन थाल्यो। यसरी इतिहासलाई सरसर्ति हेर्दा धेरैअघि देखि साहित्य लेखिएको पाइन्छ तर सांगठानिक रुपबाट अघि बढेको पाइन्दैन उक्त काउन्सिलको कार्यक्रमहरुमा साहित्यिक संस्थाको खाँचो औल्याइँयो। अन्ततः सन् २००१ मा बेलायतको सर्नकिल्फमा यस समाजको स्थापना भयो।

समाजले प्रवास पल्टनघरभित्र विभिन्न साहित्यिक गतिविधि गर्दै आएको छ। प्रत्यक वर्ष एकजना उत्कृष्ट स्रष्टालाई छनौट गरी नगदसहित पुरस्कार र एकजना उत्कृष्ट व्यक्तित्व छनौट गरी सम्मान गर्दै आएको छ। पुरस्कृत स्रष्टाहरु सुसनवाला राई २०६२, शशि लुमुम्बू २०६३, रमेश पौडेल २०६४, कृष्ण धरावासी २०६५/६६ र गणेश रसिक २०६७ रहनु भएको छ भने सम्मान मेजर किशोर गुरुङ २०६२, नोर्देन तेन्जिङ भुटिया २०६३, रक्ष राई २०६४, तुलबहादुर पुन भी.सी. २०६४, गोरे गुरुङ २०६५, डी. बी. बम्जन २०६७ लाई प्रदान गरिसकेको छ। त्यस्तैगरी, डा. चन्द्र लक्सम्बा, माष्टर राष्ट्र राई, बेलायतमा प्रथम नेपाली काउन्सिलर धन गुरुङ, गोर्खाली गाथाका प्रबन्धक प्रेम बेघा, डा. कविताराम श्रेष्ठ, शिवधन राई, साहित्यकार येहाङ लावती लगायत विभिन्न कलाकार तथा व्यक्तित्वहरुलाई प्रसंशापत्र प्रदान गरिसकेको छ।

यस समाजले साहित्यिक कार्यक्रमहरु मात्र नभई प्रत्येक वर्ष विभिन्न कल्याणकारी कामहरु पनि गर्दै आएको छ। काठमाडौंको सडक बालबालिकालाई नयाँ वर्ष २०६२ को अवसरमा खाना, काठमाडौं बालबालिकालाई खाना २०६३, कोशी बाढीपीडितहरुलाई राहत लुगाफाटा वितरण २०६६, भाइटीकाको अवसरमा धरानका सडक बालबालिकालाई लताकपडा वितरण तथा टीका २०६६, उधौली चाड चासोक तङ्नाम, साकेला, सान्केवा, चासेवा, फलष्यादर २०६८को अवसरमा अनाथ आश्रम उदयपुर बेलटारलाई लताकपडा तथा खाद्यन्न वितरण लगायत विभिन्न अवसरहरुमा साङ्गितिक कार्यक्रमहरु पनि गर्दै आएको छ।

समग्र नेपाली साहित्यको विकास, विस्तार र नेपाली प्रतिष्ठाको लागि स्थापित विश्व नेपाली साहित्य महासङ्घ स्थापनाको लागि पूर्व अग्रसरता देखाई यस समाजले महत्वपूर्ण भूमिका खेल्यो र हाल साहित्य महासङ्घमा आवद्ध रहेको छ। महासङ्घ मुख्य आयोजक र यस साहित्य समाज सहआयोजक रही अनलाइन माध्ययमबाटै 'विश्वब्यापी

अडियो खुल्ला गजल प्रतियोगीता २०६७' सम्पन्न गऱ्यो । त्यस्तै गरी अनलाइनको नयाँ प्रविधिबाट नेपाली साहित्यको इतिहासमै पहिलो पटक व्यापक सहभागिता रहेको 'विश्वव्यापी खुल्ला रेडियो कविता प्रतियोगीता २०६६' सम्पन्न गरेको थियो ।

यस समाजले गीतहरुको सङ्ग्रह 'सपनाको रङ २०६० उपन्यास 'मृत सहर २०६१, नियात्रा 'गृहयुद्धका पीडा २०६१, दुई कविहरुको संयुक्त कविता सङ्ग्रह 'आँसुको दोभान २०६१', कविता सङ्ग्रह, 'सीमाहीन बिम्बहरु २०६३', 'मुक्तक संग्रह २०६९', 'राजनैतिक पुस्तक निष्पक्ष संविधानः समृद्ध राष्ट्र २०६९' लगायत झण्डै एक दर्जन कृतिहरु प्रकाशन गरिसकेको छ भने 'प्रवासी वेदनाका आवाजहरु साहित्यिक पत्रिकाको पुनः प्रकाशनको जिम्मा पनि लिइसकेको छ ।

यस साहित्य समाजका केन्द्रीय नेतृत्व विभिन्न कालखण्डमा बेग्लाबेग्लै प्रकारको रहेको थियो । समाजको प्रथम सचेतक प्रेम रिबुसाल राई सन् २००१, सचेतक रामकृष्ण सुनुवार सन् २००२, सचेतक छवि लिम्बू २००३, अध्यक्ष मुलिवीर राई सन् २००३, महाअध्यक्ष गणेश राई सन् २००५, महाअध्यक्ष काजीमान लिम्बू सन् २००७, महाअध्यक्षको सहयोगी अध्यक्ष ईश्वर चाम्लिङ सन् २००७, अध्यक्ष सुरेन्द्र इङ्नाम सन् २००८ र अध्यक्ष विश्वासदीप तिगेला सन् २०११ रहेका छन् ।

वास्तवमा यस समाज बेलायती सेनामा सेवारत गोर्खाली समुदायको प्रतिनिधिमुलक संस्था हो । यो समाज युद्धभूमिमा साँचो र सुन्दर साहित्यको जन्म हुन्छ भन्ने विश्वास राख्दछ । नेपाली साहित्य समृद्ध बनाउन इतिहासमा गोर्खाली लाहुरेहरुको भूमिका महत्वपूर्ण रहेको कुरा माथि नै उल्लेख भइसकेको छ र उक्त कार्यलाई निरन्तरता दिँदै आएको कुरा पनि तमाम् स्रष्टा, सर्जक र साहित्यका विभिन्न निकायहरुलाई प्रत्यक्ष अप्रत्यक्ष अवगतै छ ।

पल्टनघरभित्र निजी तवरबाट नियमित प्रकाशन सुरु भएको प्रवासी वेदनाका आवाजहरु पत्रिका र साहित्यिक गतिविधिप्रति चासो राख्नुभई पटकपटक बुझ्ने कार्य तत्कालीन गोर्खा मेजर लक्ष्मीभक्त बान्तावाज्यूले गर्नुभयो र अन्ततः पेन्सन जानुपूर्व युवाहरुको हौसला र प्रोत्साहनको लागि नगद १ हजार पाउण्ड र शिल्ड प्रदान गर्नुभयो । उक्त साङ्केतिक अक्षय कोषलाई आधार मानेर प्रत्येक वर्ष समाजले पुरस्कार प्रदान गर्दै आएको हो ।

अन्तमा, नेपालीहरुको पहिचान र प्रतिष्ठाको लागि महत्वपूर्ण भूमिका रहने साहित्य र साहित्यिक गतिविधि लगायत विभिन्न कल्याणकारी कार्यको निमित्त यस साहित्य समाज सबैबाट निरन्तर सहयोग र सद्भाव प्राप्त हुने आस राख्दछ ।

## प्रनेसासको उद्देश्यहरू

यो संस्था मुनाफारहित साझा संस्था रहेको छ ।

१. विश्वभर छरिएर रहेका तथा स्वदेशमा रहनुभएका साहित्य, कला क्षेत्रका सिर्जनशील व्यक्ति र संस्थाहरुबीच आपसमा मित्रता, सद्भाव, सहयोग अभिवृद्धि गरी समग्र नेपाली राष्ट्र विकासमा सहभागी हुने र गराउने ।
२. नेपाली कला, संस्कृति र साहित्य विकासमा सेवारत व्यक्तित्वहरुको कार्यलाई पहिचान गरी आभार तथा प्रोत्साहनको लागि पुरस्कृत, सम्मान गर्ने ।
३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली साहित्यको विस्तार गर्न पहल गर्ने, विभिन्न अध्ययनअनुसन्धान गर्ने ।
४. विभिन्न सभा, गोष्ठी, अन्तरक्रिया, प्रतियोगिता तथा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने ।
५. आवश्यकता भएमा सम्बन्धित निकायको स्वीकृति लिई स्वदेशी सङ्घसंस्था तथा समूहसँग समन्वय राखी एकीकृत रुपमा कार्यक्रम सञ्चालन गर्ने ।
६. डायस्पोराका स्रष्टाहरुलाई प्रोत्साहन, प्रेरणा तथा उनीहरुको पहिचान र अवसरको लागि आवाज उठाउदै स्रष्टाको हकहितको लागि सघर्षरत् रहने ।
७. झण्डै २ शताब्दी लामो गौरवशाली इतिहास बोकेको गोर्खाली लाहुरेहरुको तर्फबाट प्रतिनिधित्व गर्दै नेपाली कला, साहित्य लगायतको क्षेत्रमा सहभागीता जनाउने ।
८. मानव कल्याणको लागि असहाय, अनाथको निमित्त यथासक्दो सहयोग गर्ने ।
९. विशेषतः गार्खाली लाहुरे स्रष्टाहरुको लागि प्रोत्साहन, सहयोग, संरक्षण र पहिचानको लागि सक्रिय रहँदै अवाज उठाउने ।
११. विभिन्न पत्रपत्रिका, अनलाइन, रेडियो तथा टेलिभिजनको माध्याम्बाट सिर्जना तथा जानकारीहरु आपसमा सञ्चार गर्ने ।

## समाजको लोगो

साहित्य समाजको औपचारिक स्थापनापूर्व प्रकाशन हुदै आएको प्रवासी वेदनाका आवाजहरु नामक साहित्य तथा विविध अर्धबार्षिक पत्रिकाले प्रयोग गर्दै आएको थियो । उक्त पत्रिकाको १० औं अंकको प्रकाशन पछि साहित्य समाज र सम्पादन तथा प्रकाशन काउन्सिल बीच उक्त पत्रिका समाज मातहत नै प्रकाशन हुने सहमति संगै गोर्खालीको प्रतिनिधित्व गर्ने खुकुरी, साहित्य तथा कलाको प्रतिक कलम, सन्देशवाहक पंक्षी र पहाड अंकित लोगो प्रयोगमा ल्याइएको हो ।

## प्रभात शिल्ड

गोर्खालीहरुको सर्वोच्च पद गोर्खा मेजर को जिम्मेवारी सम्हाल्नु भएका रिटायर्ड मेजर

लक्ष्मीभक्त वान्तावा (२ आर.जी.आर. /इलाम) ले नगद १ हजार पाउण्डको साथ यो शिल्ड प्रवासी नेपाली साहित्य समाजलाई प्रदान गर्नुभएको हो । उक्त सांकेतिक अक्षयकोषको उच्च सम्मान गर्दै प्रत्येक बर्ष समाजले आफ्नो सदस्यहरुबाट आर्थिक संकलन गरेर प्रभात प्रवासी साहित्य



पुरस्कार प्रदान गर्दै आएको छ । प्रत्येक बर्ष पुरस्कृत बन्नुहुने स्रष्टाको नाम यस शिल्डमा लेखिने गर्दछ । सामुहिक रुपबाट शुरुभएको साहित्य लेखन तथा पत्रपत्रिकाको कार्यलाई शुरुवातको बेला कडारुपमा उभिनुभएका मेजर वान्तावाले सेवाबाट अवकास लिनु अघिल्लो दिन यो शिल्ड प्रदान गर्नु भएको हो ।

## प्रवासी नेपाली साहित्य समाजका प्रकाशनहरू

१. सपनाको रङ्ग २०६० (गीत सङ्ग्रह) टिका चाम्लिङ
२. मृत शहर २०६० (उपन्यास) मेलीवीर राई
३. गृहयुद्धका पीडा २०६१ (नियात्रा) विश्वास दीप तिगेला
४. आँसुको दोभान २०६१ (संयुक्त कविता सङ्ग्रह) काङमाङ नरेश, आनन्द रानोहोंछा
५. सिमाहीन बिम्बहरु २०६३ (कविता सङ्ग्रह) मिजास तेम्बे, काङमाङ नरेस
६. मनोवाद २०६८ (मुक्तक सङ्ग्रह) आनन्द रानोहोछा
७. निष्पक्ष संविधान समृद्ध राष्ट्र (संविधान विशेष लेख सङ्ग्रह) विश्वास दीप तिगेला

## पुरस्कृत स्रष्टाहरू

सुसनवाला राई २०६२,
शशि लुमुम्बू २०६३,
रमेश पौडेल २०६४,
कृष्ण धरावासी २०६५/६६ र
गणेश रसिक २०६७
तुलसी घिमिरे २०६९

## सम्मानित महानुभावहरू

मेजर किशोर गुरुङ २०६२,
नोर्देन तेन्जिङ भुटिया २०६३,
रक्ष राई २०६४,
तुलबहादुर पुन भी.सी. २०६४,
गोरे गुरुङ २०६५,
डी. बी. बम्जन २०६७
रामबहादुर लिम्बु भि. सी. २०६९

## प्रसंशा पत्रबाट सम्मानित महानुभावहरू

डा. चन्द्र लक्सम्बा,
मास्टर राष्ट्र राई,
वेलायतमा प्रथम नेपाली काउन्सिलर धन गुरुङ,
गोर्खाली गाथाका प्रबन्धक प्रेम बेघा,
साहित्यकार डा. कविताराम श्रेष्ठ,
शिवधन राई,
साहित्यकार येहाङ लाओती
अधिवक्ता चण्डिराज राई
साहित्यकार केदार सुनुवार संकेत

## केन्द्रीय नेतृत्वहरू

सचेतक प्रेम रिबुसाल राई सन् २००१,
सचेतक रामकृष्ण सुनुवार सन् २००२,
सचेतक छवी लिम्बू २००३,
अध्यक्ष मुलिवीर राई सन् २००३,
महाअध्यक्ष गणेश राई सन् २००५,
महाअध्यक्ष काजीमान लिम्बू सन् २००७,
अध्यक्ष ईश्वर चाम्लिङ सन् २००७,
अध्यक्ष सुरेन्द्र इङनाम सन् २००८ र
अध्यक्ष विश्वास दीप तिगेला सन् २०११
रहेका छन् ।

# गजल

✍ **लक्ष्मी यक्सो**

माया भन्ने शब्द पनि साह्रै सस्तो खेल भयो
म त छलमा परेँ हजुर ! त्यसैले पो फेल भयो

दुःख पीडा बाँड्न खोजे आफ्नै सम्झी बैगुनीलाईं
भएभरको आँशु पीए जिन्दगी नै झेल भयो

तिम्रा लागि ज्यानै दिन्छु भन्छन् सबै पहिलो भेटमा
पश्चातापमा जिन्दगी यो उम्र कैदको जेल भयो

मायामा सबै जायज भन्थे चिनो पनि साटियो
साटिएका सबै चिनो हत्कडी र नेल भयो

लाग्छ आज जिन्दगी त नजितिएकै खेल भयो
म त छलमा परेँ हजुर ! त्यसैले पो फेल भयो ।

# गीत

✍ **जितेन्द्र चेम्जोङ**

चौबन्दीको तुनासँगै माया कस्न पाए
ती आँखाका नानीभित्र, बास बस्न पाए
साराले नै भन्थे होलान् कति भाग्यमानी
किन खेर फाल्छौ नानी, यस्तो जवानी ।

चन्चले त्यो जोभानलाई त, चङ्गासरि उडाउँदै
एक अर्को पाइलामाथि, सँगसँगै हिडाउँदै
बिताउनु पाए त हुन्थ्यो कति भाग्यमानी
किन खेर फाल्छौ नानी, यस्तो जवानी ।

त्यो न्यानो मुटुभित्र, तिम्रो मन सजाउँला
सुखदुख सँगै गर्ने संसार, एउटा बनाउँला
यसो कुरो मिल्यो भने, हुन्थ्यो कति भाग्यमानी

कविता

# छोरासँग संवाद

✍ **नवराज राई**

मेरो छोरा !
तिमी कति चन्चले हगि !
तर चन्चलतामा पनि
कति स्वभाविकता
बाख्राको पाठोझैं उफ्रेर
एकै छिनमा तल पुग्छौ
फेरि माथि आउँछौ
कसैले बाधा पुऱ्यायो भने
रिसाउँछौ  नभए रोइदिन्छौ
म बाबु भएर यो अधिकार छैन रहिछ
सायद, हाम्रो सम्बन्धको
सिमाना वा भिन्नता पनि यही होला
म रिसाएर कस्लाई देखाऊँ
आफ्नै अनुहार कालो
म रोएर काहाँ जाऊँ
आफ्नै मुख अध्याँरो
बाबु हुनु भनेको त ढुङ्गा हुनु रहेछ ।

जब म तिमीजस्तै सानो थिएँ
म गोठालो जानुपऱ्यो
जङ्गलबाट
घाँस दाउरा ल्याउनु पऱ्यो
म काहाँ रुन्थेर तिमीजस्तो
झोलाभरि किताब कापी
हातमा टिफिन बोकेर
घाँटीमा टाई बाँधेर
गाडीमा सरर स्कुल जाऊँ
त्यस्तो सौभाग्य  कहाँ हुनु मेरो !

म जङ्गलबाट खोस्रेर ल्याएको खरीले
कालो पाटीमा अस्पष्ट क ख लेख्थैं
त्यो पनि तिमीले टेलिभिजनमा
कार्टुन हेर्ने बेलामा
अरु बेलामा त म मेलापातहरूमा हुन्थैं
बाबु हुनुभनेको दुःखी हुनु रहिछ छोरा !

भोक लाग्थ्यो असाध्यै
खान नपाएर रुन मन लाग्थ्यो
भात पाक्यो भनेपछि
म घर आउथैं
तिमी त भात पाक्यो भनेपछि
घरबाट भाग्छौ हगि छोरा ।
चप्पल लाउन नपाएर म
लुगलुग काँप्थे पुस-माघमा
तिम्रोजस्तो राम्रो नाना थिएन मेरो
तीन खाप टालेर लगाउथैं
बाबु हुनु भनेको नाङ्गो हुनुरहेछ छोरा !

अलिक सक्ने भएपछि त
ढाकर र तोक्मा बोकर मधेश झर्थैं
आफूभन्दा ठूलो भारी बोकेर
पाहाड उक्लन्थैं
हलो-जुवा बोकेर
तलमाथि जोत्न निस्कन्थैं
हो छोरा !
ढाकर तोक्मा र हलो-जुवा
म तिमीलाई सङ्ग्राहलयमा देखाउनेछु
नेपालीमा लेखेका ती अक्षरहरू
म तिमीलाई अङ्ग्रेजीमा भन्नेछु
तिमी ठूलो भएपछि
तिम्रो बाबुले आफूनै हातले चलाएका
अनौठो इतिहास देखाउने छु
बाबु हुनु भनेको पक्का हुनु रहेछ छोरा !

तिमीजस्तो सानोमा हाँसिन रोइनँ पनि
सीमा समय हुन्थ्यो खानका लागि
तिर्खा लागे धारामा पानी हुन्थ्यो
तिम्रो टिफिनमा जस्तो
कहाँ हुन्थ्यो र जुस
तिमीलाई जस्तो भात खाऊ भन्दा
कहाँ रुन्थैं र म
आज तिम्रो बाबु हुनुमा गर्व लागेको छ- मनमा
तर तिमीलाई
मेरो छोरा हुनुमा गर्व छैन होला हगि
बाबु हुनु भनेको माया बाँड्लाईं रहेछ !

# नेपाली भाषा र खसनेपाली भाषाबीचको सम्बन्ध

**– राजु सुब्बा**

खस भाषालाई मात्र नेपाली भाषा मान्ने हो भने खस भाषा नजान्ने चाहिँ नेपाली हुन् कि होइनन् ? नेपाली हुनलाई के खसभाषा अनिवार्य जानेकै हुनुपर्दछ ? त्यसैले, संविधानमा स्पष्ट व्याख्या होस् कि नेपालभित्र बोलिने सबै भाषा नेपाली भाषा हुन् र सम्पर्कको भाषा 'खस नेपाली' भाषा हो । खस भाषालाई 'नेपाली भाषा' भन्नु खसभाषीको अस्तित्व पनि हराउनु हो। त्यसैले हामीले 'खस नेपाली भाषा' भन्यौं भने शुद्ध र सहअस्तित्व रहन्छ । सरकारी कामकाजीको भाषा खस नेपाली र अङ्ग्रेजी हुनुपर्दछ। त्यसो गर्दा सामान्य व्यवहारबाटै हामी अन्तर्राष्ट्रसम्म पहुँच र सम्पर्क राख्न सक्दछौँ । एकथरी जमात खस भाषा मात्र यो देशको कामकाजी भाषा हुन सक्दैन भन्छन्, अहिले पनि खस नेपाली भाषा सबै नेपालीले बोल्दैनन् र बुझ्दैनन् पनि । त्यसैले आफ्नो मातृभाषा, खस नेपाली अनि अङ्ग्रेजी सिक्नु ठूलो भार र समस्या हुने भएकोले खस नेपाली नजान्नेले सिधै अङ्ग्रेजी सिकोस् र खस नेपाली जान्नेले खस नेपाली नै प्रयोग गर्न सकोस्। देवनागरी अक्षरमा लेखिएको खस नेपाली भाषाको प्रभाव र महत्व पनि ठूलो छ । यसलाई उपेक्षा गर्न मिल्दैन ।

अङ्ग्रेजहरुले बोल्ने अङ्ग्रेजी भाषा पनि अहिले उनीहरुको नियन्त्रणमा छैन। हिजो कोलोनिज मुलुकहरुबाट अङ्ग्रेजी भाषामा धेरै शब्दहरु आए भने संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय सम्पर्क भाषाको मान्यता दिएपश्चात् धेरै मुलुकहरुले प्रयोगमा ल्याए र ती नयाँ नयाँ ठाँउहरुबाट नयाँ शब्दहरु अङ्ग्रेजी भाषामा आउने गरेका छन् । त्यसैले

**खस नेपालीलाई मात्र सरकारी कामकाजीको मान्यता भएको बखत खस भाषा नजान्नेहरुको हकमा पूर्ण अन्याय हुनेछ । खस नेपाली र अङ्ग्रेजी दुबै भाषा नजान्नेलाई सिकाउनै परेको खण्डमा अङ्ग्रेजी सिकाउनु उपयुक्त हुनेछ किनकि उच्च तहका विकास र विज्ञनका पुस्तक, ग्रन्थहरु अङ्ग्रेजीमा लेखिएका छन्**

पनि अङ्ग्रेजी भाषाका शब्दकोशहरु दशक दशकमा परिमार्जन गर्नुपर्दछ अर्थात् एक्सपायर हुने गर्दछ । मातृभाषाको रुपमा अङ्ग्रेजी बोल्ने स्वयम् पनि भाषामा कठिनाई व्यहोर्दै आएका छन् ।

भाषालाई सधैँ व्याकरणले नियन्त्रण गरे पनि यसको विकास, विस्तार र बिकृति निरन्तर हुने भएकोले पुनः व्याकरणले नै भाषालाई पछ्याउनुपर्दछ। त्यसैले भाषा विज्ञानमा प्राचीन शब्दहरुकै प्रचलन र प्रयोग हुनपर्दछ भन्ने मान्यता राख्नु हुँदैन ।

विश्वका छ भाषालाई संयुक्त राष्ट्र सङ्घले अन्तर्राष्ट्रिय सम्पर्क भाषाको मान्यता दिए पनि नेपालको प्राचीन इतिहास र प्रभाव अङ्ग्रेजी भाषासँग देखिएकोले कानुनतः म्यान्ड्रिन (चाइनिज), फ्रेन्च, अरबिक, स्पेनीस र रसियन आदि लिन सके पनि व्यवहारमा अङ्ग्रेजी अनुकूल देखिन्छ । अङ्ग्रेजी भाषाको प्रभाव र पहुँच दिनानुदिन बढ्दो छ। अर्कोपाटो के पनि हो भने नेपालमा धेरै भाषीहरु भएको र उनीहरुमध्येबाट एक भाषालाई मात्र सरकारी कामकाजको मान्यता दिँदा अर्को भाषीहरुले विरोध र विमति जनाउने अवस्था छ । अङ्ग्रेजी भाषा नेपालदेखि बाहिरको भाषा र विश्वको सबै भन्दा बढी मुलुकमा प्रयोग हुँदै आएको सजिलो र लोकप्रिय भाषा भएकोले यसलाई सबैले स्वीकार्दछन् ।

खस नेपालीलाई मात्र सरकारी कामकाजीको मान्यता भएको बखत खस भाषा नजान्नेहरुको हकमा पूर्ण अन्याय हुनेछ। खस नेपाली र अङ्ग्रेजी दुबै भाषा नजान्नेलाई सिकाउनै परेको खण्डमा अङ्ग्रेजी सिकाउनु उपयुक्त हुनेछ किनकि उच्च तहका विकास र विज्ञानका पुस्तक, ग्रन्थहरु अङ्ग्रेजीमा लेखिएका छन् र अन्तर्राष्ट्रसँग सिधै सम्पर्क गर्ने पुलझैँ बन्दछ । खस नेपाली भाषामा पनि पुस्तक, ग्रन्थहरु छन्, यद्यपि अङ्ग्रेजी भाषाको तुलनामा एकदमै न्यून छन्। तुलनात्मक रुपबाट हेर्दा खस नेपाली जान्नेले पनि अङ्ग्रेजी जान्नै पर्ने बाध्यता छ तर अङ्ग्रेजी जानेकाले निश्चित प्रयोजनबाहेक खस नेपाली जान्न आवश्यक हुँदैन ।

लामो समयदेखि चल्दै आएको विभेदकारी भाषा, साहित्य र संस्कृतिलाई पूर्वराजा महेन्द्रले झनै बढावा दिएर एक देश, एक नरेश, एक धर्म, एक भाषा अभियानको बेला कैयौँ अन्य भाषाका पुस्तकहरु मूर्खतापूर्वक जलाइदिए । त्यसको पीडा बोकेका

नेपालीहरु पुनः त्यही अभियानलाई निरन्तरता दिन चाहँदैनन् । राणा शासकहरुले बहुभाषा र बहुलिपिलाई प्रयोग गरेको प्रमाणहरु पाइन्छन् । त्यसको मुख्य कारण २ वटा हुन सक्दछ । पहिलो अन्य भाषा, लिपिको अस्तित्वलाई स्वीकार गरेको र दोस्रो हो त्यसबेला सम्बन्धित् व्यक्ति, समुदायले नयाँ भाषा बुझ्दैनथे । यसरी इतिहास हेर्ने हो भने शाहकाल, पञ्चायतकाल, प्रजातन्त्रकालभन्दा राणाकाल निक्कै समावेशी चरित्रको देखिन्छ ।

समाजशास्त्रीहरुका अनुसार कुनै जातिको अन्त गर्न उनीहरुको भाषा, लिपि, संस्कार, संस्कृति र इतिहासको नष्ट गर्नुपर्दछ तब ऊ आफै हराउँछ । त्यो सूत्र हिजो नेपालका विभिन्न समुदायहरुमाथि प्रयोग भएको स्पष्ट हुन्छ ।

निर्माणाधीन नेपालको संविधानमा भाषा सम्बन्धमा स्पष्ट ब्याख्या हुनुपर्दछ । सरकारी कामकाजी भाषाको रुपमा अङ्ग्रेजी र देवानगरी लिपिमा लेखिने खस नेपाली भाषा उल्लेख गर्नुपर्दछ । त्यस्तैगरी नेपाली साहित्यको बारेमा पनि स्पष्ट हुनुपर्दछ । देशको नाम नेपाल र विशेषण 'नेपाली' रहेको हुनाले नेपालभित्र रहेका दर्जनौं भाषाहरुको आ-आफ्नै साहित्य रहेका छन् । ती सबै साहित्य नेपालको हो र ती सबै नेपाली साहित्य हुन् ।

नेपाली भाषालाई खस, पर्वते, गोर्खाली, पहाडे भन्ने गरेको पाइन्छ । यस खस भाषालाई 'नेपाली' नामकरण गर्ने प्रथम व्यक्ति ब्याकरणकार जे.ए. एटन भएको बताइन्छ । एटनबाट प्रयोगपछि पनि गोर्खाभाषा, गोर्खाली भाषा भनिएको र वि. सं. १९९० मा मात्र नेपाल सरकारले नेपाली भाषा भन्न सुरु गरेको हो । यसरी खस भाषालाई हरण गरेर नेपाली भाषा भनिनु र नेपाली भाषा भनिन सुरु गरेपछि खस भाषाको मौलिक संरचना तोडिनु दुःखद् पक्ष हो । देशको नाम नेपाल भएकोले भाषा नेपाली नै भन्न आवश्यक हुँदैन । चीनले उसको सम्पर्क भाषालाई ' म्याण्ड्रिन' भन्दछ । त्यसैले नेपाली मात्र होइन, खस नेपाली लेख्नु उपयुक्त देखिन्छ र या चलनचल्तीमा पनि छ । त्यस्तैगरी गुरुङ भाषालाई 'गुरुङ नेपाली', तामाङ भाषालाई 'तामाङ नेपाली' र लिम्बू भाषालाई 'लिम्बू नेपाली' भनेर लेख्न सकिन्छ । त्यस्तै नेपालको सिमा बाहिर लिम्बू इन्डियन, गुरुङ इन्डियन आदि भनिन्छ ।

नेपालभित्र धेरै भाषा भएकोले नेपाली भाषाहरु तथा खस नेपाली भाषा भन्नु शुद्ध र सही हुन्छ । त्यस्तै नेपाली साहित्यभित्र 'खस नेपाली भाषा' साहित्यसहित गुरुङ नेपाली साहित्य, थारु नेपाली साहित्य लगायतका सम्पूर्ण नेपालका साहित्य भन्ने बुझिन्छ ।

यतिबेला नेपाली साहित्य र नेपाली भाषाहरुको बारेमा नीतिनिर्माण तहका, लेखन क्षेत्रका, बौद्धिकवर्ग सबै स्पष्ट हुनुपर्दछ तब मात्र निष्पक्ष संविधान बन्न सक्दछ र नेपाली समाज युगौंयुग सन्तुलित सहिष्णुतामा रहन सक्दछ । ■

direct.letter@gmail.com

कविता

# आमा ! म अबुझ छु

✍ रामकृष्ण सुनुवार

हे आमा ! म अबुझ छु
बोल्न खोज्छु भाव मिलाई
लेख्न खोज्छु कलम समाई
खै ! किन हो किन जान्दिन नै
सोच्छु कपाल समाई
मन रुवाउँछु पछुताई
हे आमा ! म अबुझ छु

तिम्रै कोखमा जन्मी हुर्कें
जवानी यौवन पाई झन फुर्कें
तर उमेरानुकूल केही नगरैं
बराबर बाँडिनौं किन पछुताउमा परैं
हे आमा ! अबुझ छु

आँखा त सबैको भित्रचाहिँ खै !
वर्णन तिम्रै गर्छु भनेथैं, बसैं अन्जान भै !
पढ्नु, लेख्नु, मनने गर्नु मुर्ख त मै
जिउनु पनि कठीन भो ! के छ र बाँच्नु नै
हे आमा ! म अबुझ छु

बल र बुद्धि दुबैको नै छ शक्ति
सेवा नै ठूलो सबै गर्छन् भक्ति

केही जान्दिनँ म, आँखामा छ पट्टि
तिम्रो कोखमा मरेर कसरी पाउँनु मैले मुक्ति
हे आमा ! म अबुझ छु

सौन्दर्यले भरिपूर्ण भइरहेकी
झुत्रो मजत्रो ओडेर रोइरहेकी
प्रकृतिको देन् छ तिमीमै सब खानी
वरिपरिका भन्छन् यी हुन् स्वर्गकी रानी
हे आमा ! म अबुझ छु

आउनु र जानु बराबर गर्छन्
दुःखले रेटिएका कति रोई मर्छन्
बाटो सबैको एउटै नै समान
भाव र दृष्टि फरक छोडी देलान्
हे आमा ! म अबुझ छु ।

# लाहुरे फिल्मका निर्देशकलाई लाहुरेहरूबाट पुरस्कार र भी.सी. लिम्बूलाई सम्मान



ब्रुनाई, १४ जुलाई २०१२ । प्रवासी नेपाली साहित्य समाज, वेलायत/ब्रुनाईको बैठकले यस वर्षको प्रभात प्रवासी पुरस्कार र सम्मान घोषणा गऱ्यो।

लाहुरे फिल्मका निर्देशक तथा दर्जनौ फिल्महरू निर्देशन गर्नभएका तुलसी घिमिरेलाई यस वर्षको प्रभात





प्रवासी पुरस्कार २०१२ र प्रभात प्रवासी सम्मान बेलायतको सबै भन्दा उच्च बहादुरी भिक्टोरिया क्रस्विजेता क्याप्टेन रामबहादुर लिम्बूलाई प्रदान गर्ने निर्णय गरेको छ। त्यस्तैगरी, प्रवासमा सक्रिय साहित्यकर्म गरिरहनु भएका साहित्यकार केदार सुनुवार सङ्केतलाई प्रसंशा पत्र प्रदान गर्ने निर्णय गरेको छ । सुनुवार हाल अफगानिस्तानमा कार्यरत् छन् ।

पुरस्कृत घिमिरेलाई नगद ३१ हजार १ सयसहित ताम्रपत्र प्रदान गरिनेछ भने वरिष्ठ समाजसेवी लिम्बूलाई ताम्रपत्र प्रदान गरी सम्मान गरिनेछ । वितरण समारोह अगष्ट महिनाको पहिलो हप्ता काठमाडौंमा हुने भएको छ ।

वेलायतमा सन् २००१ मा स्थापित् साहित्य समाजले यसअघि वरिष्ठ साहित्यकार कृष्ण धारावासी, गणेश रसिक, नोर्देन तेन्जिङ भुटियालगायत गतवर्ष जेलभित्रै रहेका डी. बी. बमजनलाई सम्मान प्रदान गरेकोथियो।वेलायती सेनामा सेवारत् स्रष्टाहरूको यस समाजले प्रत्येक वर्ष सडक बालबालिकालाई लताकपडा वितरण, प्राकृतिक विपदको बेला आपतकालीन सहयोग लगायत विभिन्न कल्याणकारी कामहरू गर्दै आएको छ ।

समाजका अध्यक्ष विश्वास दीप तिगेलाको अध्यक्षतामा सम्पन्न बैठकले कार्यसमिति विस्तार गर्नुको साथै उपाध्यक्ष मिलन चाम्स र सहको षाध्यक्ष प्रकास राईलाई मायाको चिनो प्रदान गरी विदाई गरिएको थियो । कार्यक्रम् महासचिव आनन्द रानोहोछाले सञ्चालन गरेका थिए । ▬

## गीत

✍ **किरणप्रताप राई**

मान्छे हेरी देखिँदैन ऊ भित्रका खोटहरु
जबसम्म दिन्न भने मुटु दुख्ने चोटहरु

मनभित्र छुरा राखी बोल्छ मिठो बोली
स्वीकार्दै हात जोड्यो मिल्छ पीडा भोलि

त्यसैले त ,
बचन सुनी भेटिँदैन ऊ भित्रका भूटहरु
जबसम्म दिन्न भने मुटु दुख्ने चोटहरु

एकातिर पासो थापी सम्बन्धको नाता गाँस्छ
छेकारोमा पारी अखिर जालभित्र हाल्छ

त्यसैले त ,
व्यवहारमा देखिँदैन ऊ भित्रको खेलहरु
जबसम्म दिन्न भने मुटु दुख्ने चोटहरु

# साहित्य समाजको साहित्यिक यात्रा भव्यतापूर्वक सम्पन्न

ब्रुनाई, १२ मार्च १२ । प्रवासी नेपाली साहित्य समाज, ब्रुनाई/बेलायतले समुन्द्रमाथि सिर्जना वाचन तथा साहित्यिक यात्रा सम्पन्न गर्‍यो ।

बिहानको ६ बजे सेरियाबाट सुरु भएको साहित्यिक यात्रा राजधानी बन्दरसेरी बेगवानबाटचाहिँ समुन्द्रमाथि साहित्यिक जलयात्रा सुरु भएको थियो । साहित्यिक कार्यक्रमको लागि स्रष्टाहरु मात्र रहने गरी छुट्टै सानो जहाजको व्यवस्था गरिएको थियो । विभिन्न स्रष्टाहरुले कविता, गीत, गजल, मुक्तकहरु वाचन गरेका थिए भने स्रष्टा महेश वनेमले लोकप्रिय चुटकिलाहरु भन्नुले साहित्यिक माहोल अत्यन्तै रमाइलो बनेको थियो । सुरेन्द्र इङ्नाम, प्रकाश राईले मिठो बाँसुरीको धुन सुनाएर सबैलाई मन्त्रमुग्ध बनाएका थिए। त्यस्तैगरी, किसन राईले मादललाई मिठो भाकामा बजाएका थिए। महासचिव आनन्द रानोहोछाद्वारा सञ्चालित कार्यक्रममा सन्जीब राई, सन्देश नेम्बाङ, मिलन लामा, लिम्बू नयन लगायत यात्रामा सहभागी सबैले आ-आफ्नो सिर्जना वाचन गरेर सिध्याएलगतै जहाज ब्रुनाईको मुख्य पर्यटकीय क्षेत्र बाङगर, तेम्ब्रेङमा उत्रिएको थियो ।

फ्रेमी ट्राभल्स एन्ड टुरको व्यवस्थापन अनुसार तेम्ब्रेङ नदीको बाटो हुँदै सदाबहार घना जङ्गलको बीचमा निर्माण गरिएको ६० मिटर अग्लो क्यानपी वक सबै स्रष्टाहरुले आरोहण सम्पन्न गरेका थिए । त्यसपछि, सेगाइ तेम्ब्रेङ नदीकै नजिक रहेको सेन्दर छहराको दृष्यावलोकन पश्चात नदीमा र्‍याफ्टिङ र स्विमिङ गरिएको थियो । दिउँसोको खाना लगतै आदिवासी जाति इभानहरु बस्ने लङहाउस, जहाँ एकैघरमा ७० परिवार बसोवास गर्दछन्, उक्त ठाउँको पनि यात्रा गरिएको थियो ।

गाइड स्यारोनले महत्वपूर्ण ठाउँहरुको बारेमा जानकारी दिँदै हाम्रो यात्रालाई सहयोग गरिरहेको थियो भने सहभागी एक दर्जन स्रष्टाहरु नौलो कार्यक्रमबाट दङ्ग भएका थिए। बेलुकी ५ बजे राजधानी वेगवान फर्किएर सम्पन्न भएको साहित्यिक यात्राको संयोजक तथा उपाध्यक्ष जितेन्द्र चेम्जोङलाई विशेष धन्यवाद तथा सहभागी सबैलाई र व्यवस्थापकीय सहयोग गर्नुहुने सबैलाई साहित्य समाजको तर्फबाट अध्यक्ष विश्वासदीप तिगेलाले धन्यवाद ज्ञापन गरेका थिए।



कविता

## गोर्खाली दायित्व

✍ सञ्जिव पार्दर्शी

म आज
सतह भन्दामुनि लत्रिएर बसेका
अजङ्ग लहरालाई विशाल
पहरामाथि तान्दै हिँडेको छु ।

यो लहराको हाँगा हाँगामा
फुलेका फूलहरुलाई मैले
सूर्यको न्यानो किरणमा
स्नान गराउनु छ ।

यो पहराबाट कहिल्यै
लडि नझर्ने गरेर
पत्थरमै जरा गाड्न सिकाउँनु छ
अनि देखाउनुछ यो पहरा माथिको
एउटा शहर संसार ।
यही पहरामा अरु पुस्ताले
उनीहरूको प्रेरक इतिहास पढ्ने गरेर
दिनुछ एउटा सुनौलो अवसर
अवशेष छोड्ने ।
अनि मात्र यी कोपिला, फूलहरुले
कोर्नेछ यो संसारको मानचित्र
गर्नेछ उदाहरणीय भव्य सजावट मेरो
यो देशको ।

यो नयाँवर्षको दिन पनि मन
यत्रो विशाल पहरानै तानेर हिँड्दैछ ।
त्यसैले यसपालिको नयाँवर्षमा
म शुभकामना होइन
अपगानिस्तानको बस्तीहरुमा
सलाम अलेकुम बाँड्दैछु ।

रङ्गी विरङ्गी कार्ड र गुलावको
फुलहरु बाँड्दै होइन,
यता नादियालीमा पप्पीको फुलहरू काट्दैछु ।

२०६८ *बैशाख १*

# प्रनेसासद्वारा सडक बालबालिकालाई भाइटीका लगाई लुगाफाटा वितरण



भाइटीका २०६९ को दिन प्रवासी नेपाली साहित्य समाज (प्रभात) ब्रुनाईले धरानका सड्क बालबालिकालाई भाइटीका लगाइ दिनुको साथै हिउँदको जाँडोको ख्याल राख्दै लुगाफाटा वितरण गरेको छ ।

विभिन्न कारणले सडकमा भो कभोकै बाँच्न बाध्य बालबालिकाको लागि कुनै पनि चाडपर्वले खुसियाली नल्याउने र उनीहरूको कोही पनि आफन्त नहुने भएकोले उनीहरूलाई सहयोग गर्ने उत्तम कार्य हो भन्ने उद्देश्यले प्रनेसासले यो कार्यक्रम गरेको कुरा उल्लेख छ ।

धरानस्थित् पत्रकार तथा समाजसेवी निलिफा सुब्बाको संयोजनमा सम्पन्न उक्त कार्यक्रममा भ्mण्डै ३ दर्जन बालबालिकालाई टीका, तिहारको परिकार लगायत ज्याकेट र सुरुवाल वितरण गरिएको थियो ।

कार्यक्रममा सहभागी बालबच्चा तथा अभिभावकहरुले बेलायती सेनामा कार्यरत् दाजुभाइ, दिदीबहिनीहरूको संस्था प्रनेसासप्रति आभार व्यक्त गरेका थिए ।

स्मरणरहोस्, प्रनेसासले अघिल्ला वर्षहरूमा पनि काठमाडौँका सडक बालबालिकाहरुलाई नयाँ वर्षको अवसरमा सहयोग गरेका थिए भने सडक बालबालिकाको लागि प्रनेसासको कार्यक्रम यो तेस्रो हो । विस्थापितलाई राहत वितरण, शैक्षिक क्षेत्रमा विविध सहयोग साथै स्रष्टा सर्जकहरुलाई दुःखविराम परेको बेला आर्थिक सहयोग गर्दै आएको छ । त्यस्तै सडक बालबालिकाको लागि भाइटिका लगाई दिने चलन विगत केही वर्षदेखि पत्रकार सुब्बाले नै सुरुवात गरेकी हुन् । ■

# निराजन बतासको बाटो खोज्दै बाटोहरू विमोचित




काठमाडौँ १६ पुस २०६९ । युवा साहित्यकार निराजन बतासको पहिलो एकल गजल सङ्ग्रह 'बाटो खोज्दै बाटोहरू' को गत पौष १६ गते विहीबार राजधानीमा विमोचन गरिएको छ ।

साहित्यकार भ्mमक घिमिरेले सङ्ग्रहको विमोचन गरेकी हुन् । प्रवासी नेपाली साहित्य समाज बेलायत र ब्रुनाइको आयोजनामा भएकोकार्यक्रममा नयाँ पुस्ताका साहित्यकार रमेश पौडेल, बुद्धिसागर चपाईं, सङ्गीत स्रोता, सुमित्रा बाङदेल चेली र राजकुमार दिक्पालले गजल कृति र समसामयिक गजलको बारेमा बोल्दै 'बाटो खोज्दै बाटोहरुको

गजलहरू उत्कृष्ट र सशक्त रहेको टिप्पणी गरेका थिए ।

नवोदित समसामयिक गजल सिर्जना समेतको चर्चा गर्न नयाँ पुस्ताका गजलकारहरुलाई बोल्न लगाइएको समाजका उपाध्यक्ष तथा कार्यक्रमका सभापति विश्वासदीप तिगेलाले बताए। कार्यक्रममा कृतिका स्रष्टा निराजन बतासले एक दर्जन गजल वाचन गरेका थिए ।

सङ्ग्रहमा समसामयिक विषयवस्तु र केही माया प्रेमका गरी ५३ खस नेपाली भाषामा र २ बान्तवा नेपाली भाषाका गजल छन् । प्रवासी साहित्य समाजले विश्वव्यापी गजल प्रतियोगीता आयोजना गर्न लागेको सन्दर्भसहित समाजको तर्फबाट कार्यक्रमको आयोजना गरिएको थियो ।

# प्रवासी साहित्य समाजको भेला सम्पन्न




ब्रुनाई, ६ नोभेम्बर २०११। प्रवासमा विगत एक दशकदेखि क्रियाशील प्रवासी नेपाली साहित्य समाज, ब्रुनाई/बेलायत विश्व नेपाली साहित्य महासङ्घ (आबद्ध) को भेला सम्पन्न भएको छ ।

भेलाबाट अध्यक्ष विश्वासदीप तिगेला, उपाध्यक्षद्वय जितेन्द्र चेम्जोङ र मिलन चाम्स, महासचिव आनन्द रानोहोंछा, सचिव किसन राई, कोषाध्यक्ष लिम्बू नयन, सहकोषाध्यक्ष प्रकास राई र सदस्यहरूमा क्रमशः पूर्व अध्यक्ष सुरेन्द्र इङ्नाम, पूर्व महासचिव नवराज राई, महेश बनेम र मिलन तामाङ चयन हुनुभएको छ । आगामी बैठकले थप सदस्यहरू र सल्लाहकारहरू चयन गर्ने बताइएको छ ।

अघिल्लो नेतृत्वले आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गरेकोले नयाँ नेतृत्वले धन्यवाद ज्ञापन गर्नेको साथै अघिल्ला निर्णयहरुलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरे ।

सन् २००१ मा बेलायतमा स्थापित साहित्य समाजले प्रत्येक वर्ष एकजना उत्कृष्ट स्रष्टालाई नगद पुरस्कार र एकजना उत्कृष्ट व्यक्तिलाई सम्मान गर्दै आएको छ । वरिष्ठ साहित्यकारहरु गणेश रसिक २०६७, कृष्ण धरावासी २०६६, रमेश पौडेल २०६४, शशि लुमुम्बु २०६३, सुसनवाला राई २०६२ लगायतलाई पुरस्कृत गरिसकेको छ भने प्रत्येक वर्ष सडक बालबालिकालाई लुगाफाटा वितरण, बाढीपीडितहरुलाई राहत वितरण लगायतका कल्याणकारी कार्यहरू गर्दै आएका छन् भने सधैंझैं यस वर्ष पनि उघौली चाडको अवसरमा धरानका सडक बालबालिकालाई लत्ताकपडा वितरण गर्ने कार्यक्रम रहेको छ ।

यस साहित्य समाजले नेपाली साहित्यको इतिहासमै पहिलो पटक अनलाइनको नयाँ प्रविधिबाट व्यापक सहभागीता रहेको विश्वव्यापी खुल्ला रेडियो गजल प्रतियोगिता २०६६ र सहआयोजकको रुपबाट विश्वव्यापी खुल्ला अडियो कविता प्रतियोगिता २०६८ सम्पन्न गरेको छ । साथै यस समाजले आधा दर्जन साहित्यिक पुस्तकहरु प्रकाशन गरिसकेको छ ।

स्मरणरहोस, प्रवासी प्रभात पुरस्कार कोष पूर्व गोर्खा मेजर लक्ष्मीभक्त बान्तावाले स्थापना गरिदिनु भएको हो र यस साहित्य समाज वेलायती गोर्खा सेनामा सेवारत् स्रष्टा सर्जकहरूको प्रतिनिधिमुलक संस्था हो ।

## गीत

✍शन्देश नेम्बाङ

**पूर्णिमाको जुन हौं तिमी धर्तीकी परी**
**बाँच्न पाँउ तिमी संगै जुनीजुनी फेरी**

**मेरो मुटमा छौ तिमी मेरो आत्मामा**
**छाँया बनी छाइदिनु हरपल मेरो जीबनमा**
**सदासदा तिम्रै भई बाँच्न पाँउ म**
**सुखहोस वा दःख तिमी संगै रम्न पाँउ म**

**सुन्दरताको खानीहौ तिमी मेरीमनकी रानी**
**सजाई राख्नेछु मुटुमा एकमुठी सास रहेनी**
**तिम्रो न्यानो काखमा सधै रम्न पाँउ म**
**उकालीहोस वा ओराली तिमी संगै हिडन पाँउ म**

**- ब्रुनाई**

# रसिक र जेलभित्रका बमजनलाई प्रवासी पुरस्कार तथा सम्मान घोषणा

ब्रुनाई (सेरिया) ३ जुन २०११ । ब्रुनाईमा ३ जुन २०११ मा सम्पन्न प्रवासी नेपाली साहित्य समाजको बैठकले प्रवासी प्रभात पुरस्कार २०६७ वरिष्ठ साहित्यकार गणेश रसिक (भोजपुर, हाल इलाम) लाई प्रदान गर्ने निर्णय गऱ्यो ।

रसिक नाम नेपाली साहित्य र सङ्गीतको क्षेत्रमा आफैमा पूर्ण परिचय हो । लेकाली समूहका संस्थापक रसिकका दुई कथा सङ्ग्रह क्षितिजलाई छुन खोज्दा २०२४, एउटा साराङ्गीभित्र २०२८, रसिकका गीत सङ्ग्रह २०४५ र पछिल्लो कृति निबन्ध सङ्ग्रह दशगजामा उभिएर २०६३, लगायत दर्जनौ कृति, गीति एल्बम 'अन्तराले' लगायत रेडियोमार्फत् वहाँको लोकप्रिय लोकगीतहरू पनि सुन्न पाइन्छ ।

त्यस्तैगरी, समाजमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएबापत गोर्खा विकास बैंकका पूर्व अध्यक्ष डी. बी. बमजनलाई प्रवासी सम्मान २०६७ प्रदान गर्ने निर्णय गऱ्यो । बमजनले लामो समय बेलायती गोर्खा सेनामा रही अनुशासन, इमान्दारिता र बफादारिता सिकेर समाजका लागि उपयोग गर्दै आउनु भएको छ। यसबखत वमजनलाई बैंकको विर्षयमा नेपाल सरकारले जेलमा राखेको थियो ।




साहित्य समाजले गत वर्ष साहित्यकार कृष्ण धरावासीलाई प्रभात पुरस्कार र निर्देशक तथा नायक गोरे गुरुङ (बेलायत) लाई सम्मान गरेको थियो । स्थापनाकालदेखि नै समाजले प्रत्येक वर्ष पुरस्कार र सम्मान प्रदान गर्दै आएको छ। पुरस्कृत व्यक्तिले नगद रू. १५ हजार र प्रमाणपत्र प्राप्त गर्नेछन्। सम्मानित व्यक्तिले ताम्रपत्रसहित सम्मान प्राप्त गर्नेछ । पुरस्कार तथा सम्मान समर्पण कार्यक्रम केही हप्ताभित्र काठमाडौँमा आयोजना गरिने कुरा समाजको विज्ञप्तिमा जनाइएको छ ।

नेपाली साहित्य र नेपाली प्रतिष्ठाको लागि सन् २००१ मा स्थापना भई बेलायत/ब्रुनाईमा क्रियाशील समाजले प्रत्येक वर्ष उत्कृष्ट एक स्रष्टा छनौट गरी प्रभात पुरस्कार प्रदान गर्दछ । साथै, समाजमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने एक व्यक्तिको छनौट गरी सम्मान गर्दै आएको छ । ■

# निर्माणाधीन संविधानमा लाहुरेहरूको चासो

काठमाडौं २२ अगस्त २०११ । निर्माणाधीन संविधानमा अनिवार्य समेटिनुपर्ने ९ वटा बुँदामाथि समीक्षात्मक छलफल तथा अन्तरक्रिया सम्पन्न भयो ।

संवैधानिक समितिका सदस्य तथा सभासद् हरिराज लिम्बूको उपस्थिति, चुम्लुङ अध्यक्ष अर्जुन लिम्बू, युवा नेता कुमार लिङदेनको आतिथ्य लगायत २ दर्जन नेपालका अभियन्ताहरुको उपस्थिति रहेको थियो ।

स्वतन्त्र विचार समूह बेलायत, ब्रुनाईले गत बैसाख र जेठमा संविधान सभा हलको ठीक अगाडि उक्त बुँदा लेखिएको विशाल होर्डिङ बोर्ड राखेको थियो । उभौली, लोसार तथा विभिन्न अवसरमा ५ सय ९८ जना सभासदहरुलाई शुभकामना कार्ड र गोजी पात्रो प्रदान गरेको थियो । उक्त कार्ड र पात्रोमा पनि सोही ९ बुँदाहरु राखिएका थिए । त्यस्तैगरी, नेपाल साप्ताहिक पत्रिका लगायतमा विज्ञापन स्वरुप प्रकाशन गरिएको थियो । यी विभिन्न कार्यहरु डेढ्लाख रुपैयाँको लागतमा सम्पन्न गरिएको थियो । तिनै कार्यहरुको समीक्षा तथा जानकारीको लागि अन्तरक्रियाको आयोजना

गरिएको थियो ।

"सचेतना जगाउने कार्य अत्यन्तै सराहनीय भएको र यस कार्यमा सहयोग गर्ने सबै लाहुरे दाजुभाइहरु धन्य हुनुहुन्छ" यी ९ बुँदाहरुको लागि आफ्नो ठाउँबाट सक्दो पहल गर्ने सभासद लिम्बूले बताउनुभयो । यो कार्यले अत्यन्तै महत्वपूर्ण काम गरेको निष्कर्ष रह्यो भने यही सानो सहयोगले पनि ठूलो परिवर्तन गर्न सघाउ पुऱ्याएको बताउँदै यसलाई निरन्तरता दिन वक्ताहरुले आग्रह गर्नुभयो ।

सन्तराज आङदेम्बे अध्यक्ष र हनुभएको विचार प्रवाह समूहको संयोजक विश्वासदीप तिगेलाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा थर्कदीप तिगेलाले स्वागत मन्तव्य व्यक्त गरेका थिए । उक्त कार्यक्रको सञ्चालन डीबी आङबुङले गर्नुभएको थियो । ■

# अनाथ आश्रमलाई 'प्रवासी नेपाली साहित्य समाज ब्रुनाई/बेलायतको सहयोग

उदयपुर, २२ डिसेम्बर ११ । मङ्सिर प्रवासी नेपाली साहित्य समाज ब्रुनाई/बेलायतले उधौली चाडको अवसरमा १५ डिसेम्बर २०११ का दिन दर्शन अनाथ आश्रम उदयपुर बेल्टारलाई मानवीय सहयोग गरेको छ ।

समाजले अनाथ आश्रममा रहेका सबै बालवालिकाहरुको लागि २ सय किलोग्राम चामल, १ सय किलो ग्राम आलु, दाल, तेल, भुजा अनि अन्य थुप्रै खाद्यान्न वस्तुहरुका साथै २० हजार रुपैयाँ नगदको जाडोमा लगाउने लत्ताकपडाहरु वितरण गऱ्यो । वितरणको लागि संस्थाका महासचिव आनन्द रानोहोछा, कोषाध्यक्ष प्रकाश राई अनि सदस्य तथा पूर्व महासचिव नवराज राई ब्रुनाईबाट नेपाल आउने भएको थियो ।

उक्त कार्यक्रम औपचारिक रुपले सञ्चालन भएको थियो । तीन घण्टा लामो यस कार्यक्रममा विभिन्न क्षेत्रका बुद्धिजीवी वर्गहरुको उपस्थितिका साथै सामाजिक सेवाबारे मन्तव्य कार्यक्रमले सबै दर्शकहरुलाई मन्त्रमुग्ध बनाएको थियो । पेशागत रुपले टाढा प्रवासमा रहेर पनि सामाजिक कामको लागि सधैं आफ्नो देश सम्झेका सङ्गठित संस्थाका सबै पदाधिकारीहरुलाई सबै बुद्धिजीवी वर्गहरुले धन्यवाद अनि शुभकामना ज्ञापन गर्नुभएको थियो । उदयपुर बेल्टार बजारको दशरथ चौकमा सम्पन्न भएको यस कार्यक्रममा करिव ३ सयभन्दा बढी दर्शकहरुको उपस्थिति थियो । कार्यक्रमलाई सुरक्षा दिनको लागि नेपाल सशस्त्र प्रहरी ईलाका बेस क्याम्प प्रमुख रामेश्वर ढकालको नेतृत्वमा सुरक्षा टोलीहरु पनि खटिएका थिए ।

औपचारिक ढङ्गबाट सम्पन्न भएको यस कार्यक्रममा सभापतिको रुपमा समाजसेवी भोजराज खतिवडा, विशेष अतिथि इन्द्र बिनोद घिमिरे, प्रमुख अतिथि आनन्द रानोहोंछा अनि अतिथिहरु सन्तबहादुर राई, मन्दिल श्रेष्ठ, जनक कार्की, कान्ता राई, राम कुमारी राई, किशोर ताम्राकार, आशा राई, ईलाका प्रहरी कार्यालय प्रमुख रामेश्वर ढकाल, राजकुमार देव, ज्ञानेन्द्र प्रधान, पवन कार्की, दिवाकर पौडेल, अर्जुन राई, तारानाथ कट्वाल, भुपाल पौडेल, राजकुमार ओझा, रमेश राई र केशव भट्टराई थिए । कार्यक्रममा स्थानीय पत्रिकाको प्रतिनिधि पत्रकार रामकुमार राई अनि केदार कट्वाल पनि हुनुहुन्थ्यो ।

उक्त कार्यक्रमलाई दर्शन अनाथ आश्रम बेल्टारका अध्यक्ष तथा संस्थापक नवराज घिमिरेले सञ्चालन गर्नुभएको थियो ।

बेलायतमा सन् २००१ मा स्थापित यस साहित्य समाजले काठमाडौं, धरान लगायतको स्थानहरुका प्रत्येक वर्ष यस्तै कल्याणकारी काम गर्दै आएका छन् । समाजले यसवर्ष तिहारको अवसरमा देउसी खेलेर उक्त रकम जम्मा गरेका थिए । ■






# साहित्य समाज ब्रुनाईको शुभकामना कार्यक्रम सम्पन्न

ब्रुनाई, १६ अप्रिल २०११। विश्व नेपाली साहित्य महासङ्घसँग सम्बद्ध प्रवासी नेपाली साहित्य समाज बेलायत /ब्रुनाईले शुभकामना कार्यक्रम भव्यताका साथ सम्पन्न गऱ्यो।

नयाँ वर्ष २०६८ लाई स्वागत गर्न ब्रुनाईको सेरियास्थित् साहित्य समाजले आयोजना गरेको साहित्यिक कार्यक्रममा ब्रुनाईका राजधानी जिआरये, सेरिया लगायतका स्रष्टाहरुको सहभागीता थियो। उक्त कार्यक्रमका प्रमुख अतिथि राजेश थापाबाट दियो प्रज्वलन गरेर सुरुवात भएको थियो।

नेपाली राष्ट्रिय गानामा सबैले उठेर सम्मान व्यक्त गरे लगतै उपस्थित् सबैलाई समाजको तर्फबाट उपाध्यक्ष विश्वास दीप तिगेलाले स्वागत मन्तव्य राखेका थिए। कार्यक्रमलाई प्रमुख अतिथि, अतिथि उषा लिम्बू, गोपिलाल लिम्बू, इन्द्र गुरुङ, सन्त आङदेम्बे, बलबहादुर लिम्बू लगायतले सम्बोधन गर्नुभएको थियो। महेश वनेम, हिमकला राई, जनमाया तेम्बे, इन्द्र गुरुङ, कल्पना, मेधावी, मलियाना, श्रुति लिसा लगायत डेढ् दर्जन स्रष्टाहरुले आ-आफ्नो सिर्जना वाचन गरेका थिए।

कार्यक्रममा गायक किसन राई र सुनिता लिम्बूले मिठो स्वरमा आ-आफ्नो गीत प्रस्तुत गर्नुभएको थियो।

स्मरणरहोस, साहित्य समाज बेलायती सेनामा कार्यरत् लाहुरे दाजुभाइ दिदीबहिनीको प्रतिनिधिमुलक संस्था हो। यस समाजले गतवर्ष विश्वव्यापी खुल्ला अडियो गजल प्रतियोगिको आयोजना गरेको थियो भने उक्त प्रतियोगीतामा विश्वभरबाट १७७ वटा गजलहरुको सहभागीता थियो र यसवर्ष पनि सहआयोजकको रुपबाट विश्वव्यापी खुल्ला अडियो कविता प्रतियोगीता सञ्चालन गरिरहेको छ। प्रतियोगीतामा सहभागीताको लागि आफ्नो मौलिक कविता आफ्नै आवाजमा रेकर्ड गरेर समाजको इमेल pravasisamaj@googlemail.com मा पठाउनु पर्नेछ। समाजले प्रत्येक वर्ष प्रभात पुरस्कार तथा सम्मान लगायत विभिन्न सामाजिक कल्याणका कामहरु गर्दै आएको छ।

संस्थाको बारेमा विस्तृत जानकारी दिँदै, नयाँ वर्षको शुभकामना व्यक्त गर्दै समाजका अध्यक्ष सुरेन्द्र इङ्नामले सभाको विर्सजन गर्नुभएको थियो। कार्यक्रमलाई समाजका सहसचिव नयन लिम्बूले सञ्चालन गर्नुभएको थियो। ■

कविता

## प्रिय

✍ **जानुका राई**

के गल्ती थियो र मेरो प्रिय
तिमीबिना नै म जीउनु पर्ने
आत्माबिनाको यो छाती मेरो
आगोबिना नै जल्नुपर्ने।

चाँदनीबिनाको यो रात हेर
पुर्ण बनेर न खुल्नै सक्छ
तिम्रो साथबिनाको यो जीवन मेरो
क्षणभर हृदयमा न खुशी फुल्छ।

तिमीसँगको यो नाता मेरो
धट्कनसँगको मुटुजस्तै
तिमीबिनाको यो जीवन मेरो
आत्माबिनाको शरीरजस्तै।

## गीत

✍ **सुरेन्द्र इङ्नाम**

तिमी एकछिन् नहुँदाको पल, जीन्दगी व्यर्थ लाग्छ,
निस्सासिएर कता कता, बेहोस् भएझैं भा'छ।

यो सुनसान ठाउँमा, कता कता हावाको बेग सुन्छु,
ओर्लेर पलङ्बाट, यता कता तिमीलाई खोज्छु।
तिमी हिँडियताको पल, यै ठाउँ नै बिरानो लाग्छ,
निस्सासिएर कता कता, बेहोस भएझैं भा'छ।

यी चारपलहरु पनि, किन किन वर्षौंझैं लाग्छ,
छाडेर यो ठाउँलाई, तिमीलाई भेटुँझैं भा'छ।
तिमी नहुँदाको यो पल, एतै कतै भएझैं लाग्छ,
निस्सासिएर कता कता, बेहोस भएझैं भा'छ।

तिमी एकछिन् नहुँदाको पल, जिन्दगी व्यर्थ लाग्छ,
निस्सासिएर कता कता, बेहोस भएझैं भा'छ।

*सेरिया, ब्रुनाई*

# बेलायती लाहुरेहरूबाट खिरमायालाई जग्गा र घर

नगेन्द्र राई / धनकुटा, ७ सेप्टेम्बर २०११ । कुनै बेला सुँगुरको खोरभन्दा पनि गएगुज्रेको ठाउँमा बस्न बाध्य दृष्टिविहीन खिरमाया मगर अहिले चिटिक्क परेको घरमा बस्न सफल भएका छन् ।

उनको यो सपना बेलायतमा कार्यरत् गोर्खा सैनिकहरुको पहलमा सम्भव भएको हो । मगरलाई धनकुटा नगरपालिका वार्ड न. १ त्रिसुलेमा जग्गा खरिद गरी घर निर्माण गरी दिइएको छ। दृष्टिविहीन खिरमायाको कारुणिक अवस्थाका बारेमा बेलायतस्थित् ब्रिटिश फोर्सेस् ब्रोडकास्टिङ सर्भिस (वीएफवीस) रेडियोबाट समाचार प्रशारण भएपछि उक्त खबरबाट प्रभावित भई खिरमायाको सहयोगका लागि उहाँहरु जुट्नुभएको हो ।

खिरमायाको सहयोगका लागि बेलायतबाट गोर्खा सैनिकहरुको तर्फबाट २ लाख २५ हजार रुपैयाँ रकम जुटेको थियो । उक्त सहयोग रकम जुटाउनका लागि बेलायती सेनामा सेवारत् विश्वासदीप तिगेला, उत्तम राई, दिलिप लिम्बू, सलबहादुर गुरुङ र सन्तोष मगर लगायतको हेल्पिङहेण्ड टिमको सक्रियतामा दुईसय ६६ दाताहरुबाट सहयोग प्राप्त भएको थियो । "समाचार सुनेपछि यति प्रभावित भईयो कि केही नगरी मनमा सञ्च नै भएन" तिगेलाले भन्नुभयो । उहाँहरुको पहलमा ब्रुनाई, अमेरिका र क्यानडामा रहनुभएका नेपालीहरुले समेत आ-आफ्नो गच्छे अनुसारको सहयोग गर्नुभएको थियो ।

तीन छोराछोरीका साथ असहाय अवस्थामा रहनुभएका खिरमाया मगर स्थानीय समाजवासीहरुको पहलमा अत्यन्तै दयनीय अवस्थामा अर्काको जग्गामा सामान्य टिनले बारेको चुहिने अवस्थामा रहेकाले सल्लोको झाङले ओत लगाइएको सानो कटेरोमा बस्न बाध्य भएका थिए । अहिले के खाऔं भरै के खाऔंको स्थितिमा रहनुभएका मगरको अहिले भने वासको समस्या भने टरेको छ। सुरुमा उनको आँखाको उपचारको लागि उक्त सहयोग रकम जुटाइए पनि जलविन्दु भएको लामो समय भएको कारण आँखाको उपचार सम्भव नहुने चिकित्सकहरुको परीक्षणबाट पत्ता लागेको थियो । काठमाडौंमा ल्याई उनको आँखाको उपचारका लागि २५ हजार रुपैयाँ र नागरिक्ता बनाउन २० हजार रुपैयाँ खर्च भई बाँकी रकमबाट उनलाई जग्गा खरिद गरी घर बनाई दिइएको हो ।

हाम्रो प्रयास उनको आँखाको उपचारका लागि थियो तर उपचार नहुने चिकित्सकको परीक्षणबाट देखियो । त्यसैले बाँकी पैसाले उनलाई घर र जग्गा खरीद गर्न हौसिएका हौं बेलायती गोर्खा सैनिक राईले यस प्रतिनिधिलाई बताउनुभयो ।

"म अत्यन्तै खुशी छु यतिको खुशी त आँखाको ज्योति फर्के जस्तै नै लागेको छ ।" खिरमायाले नयाँ आफ्नो लागि बनेको घर प्रवेशको क्रम्मा भन्नुभयो । उक्त नयाँ घरको दाताहरुका तर्फबाट बेलायती गोर्खा सैनिक विश्वासदीप तिगेलाले रिवन काटेर नवनिर्मित घरको उद्घाटन गर्नुभएको थियो । "हाम्रो थोपाथोपा सहयोगको सदुपयोग मात्र होइन यसले अरु हामीलाई नेपालको सेवा गर्नलाई हौसाएको पनि छ," तिगेलाले भन्नुभयो ।

वास्तवमा, उक्त सहयोगले के प्रमाणित गर्छ भने रोजगारीको सिलसिलामा नेपाली मन नेपाली ज्यान जहाँ भए पनि संसारको जुनसेकै कुनामा भए पनि मातृभूमिको सेवाका लागि सदा तत्पर हुन्छ भन्ने उदाहरण त प्रस्तुत भएको छ नै यसका अतिरिक्त एउटा नेपालीलाई दुख्दा सारा नेपालीलाई दुख्छ भन्ने अर्को उदाहरण पनि प्रस्तुत भएको छ ।

स्मरणरहोस, खिरमायाको सहयोगको निम्ति उत्तम राईको उपस्थितिमा गङ्गाहाङ लिम्बूको संयोजक्तवमा ५ सदस्यीय स्थानीय सहयोग समिति समेत गठन भएको छ र उक्त उद्घाटन् कार्यक्रम सोही समितिले व्यवस्थापन गरेको थियो भने उद्घाटन समारोहलाई विएफविएस गोर्खा रेडियो नेपाल, ब्रुनाई र बेलायतले प्रत्यक्ष प्रसारण गरेको थियो । वीएफवीस रेडियोका संवाददाता नगेन्द्र राईले आकर्षक ढङ्गले सही समाचार सम्प्रेषण गरेकै कारण खिर मायाले सहयोग पाएकी कारण पत्रकार राई र सहयोगदाताका तर्फबाट तिगेलालाई स्थानीय सहयोग समितिले धन्यवादपत्र प्रदान गरेको थियो । ■

# नयाँ सन्देशलाई ब्रुनाईबाट अझ बढी सहयोग हुने

ब्रुनाई (सेरिया) २२ अक्टोबर २०११। बेलायतबाट नेपाली खस भाषामा प्रकाशित हुने नयाँ सन्देश साप्ताहिकको पाठक तथा ग्राहकसँगको प्रत्यक्ष अन्तर क्रिया कार्यक्रम ब्रुनाईमा सम्पन्न भयो ।

पत्रिकाको विस्तार तथा सुझाव सङ्कलनको लागि बेलायतबाट ब्रुनाई आईपुग्नुभएका प्रधान सम्पादक चण्डिराज राईले पत्रिका प्रकाशनको कारण, आवश्यकता र प्रगतिबारे जानकारी गराउनुका साथै सहभागीहरुको सुझावहरु लिनुभयो ।

उक्त कार्यक्रममा रामप्रसाद लिम्बू, लाल शाही, जानुका राई लगायतले बोलेका थिए भने सहभागीहरुले नयाँ सन्देशलाई निरन्तर सहयोग गर्ने प्रतिवद्धता दोहोऱ्याएका छन् । कार्यक्रमको प्रमुख अतिथि गोर्खा मेजर याम रानामगर रहनुभएको थियो भने सभापतित्व मेनुका राईले गर्नुभएको थियो र ईश्वर चाम्लिङले सञ्चालन गरेका थिए । ■

# प्रनेसासमा नयाँ नेतृत्व चयन

बेलायत (सर्नकिल्फ), ११ जनवरी २००९, सर्नकिल्फ, बेलायतमा प्रवासी नेपाली साहित्य समाज (प्रभात) को सम्पन्न भेलाले नयाँ नेतृत्वको चयन गर्दै विविध विषयमा निर्णय गऱ्यो ।

झण्डै एक दशकअघि स्थापित यस समाजले विशेषतः डायस्पोरामा रहेका स्रष्टा तथा लाहूरघरका स्रष्टा सर्जकहरुको प्रतिनिधित्व गर्दछ । बेलायत, ब्रुनाई, सिङ्गापुर तथा भारतीय सेनामा कार्यरत् स्रष्टाहरुको सहभागीता रहेको यस संस्थाले पल्टनघरमा साहित्यिक तथा साङ्गीतिक परिवर्तन र विकासको लागि ठूलो योगदान पुऱ्याउँदै आएको छ ।

अहिले गोर्खाज पल्टनघर लाई साहित्य र सिर्जनाको लागि उर्वरभूमि मानिन्छ । स्थापनाको लामो इतिहाससँगै समाजलाई धेरै जिम्मेवारी र चुनौतीहरु पनि थपिनेक्रम् बढ्दो छ । यसपटकको भेलाले समाज संस्थापक सदस्यमध्येका एक सुरेन्द्र इङ्नामलाई नेतृत्वको जिम्मेवारी प्राप्त भएको छ । इङ्नामको नेतृत्व रहेको समितिमा उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष क्रमशः विश्वासदीप तिगेला, नवराज राई, मिलन चाम्स, जितेन्द्र चेम्जोङ, नयन लिम्बू रहेका छन् भने सदस्यहरुमा विष्णु जिमी, रत्नबहादुर घर्ती मगर, सञ्जिव राई, रहनुभएको छ । त्यस्तैगरी, सल्लाहकारमा रामकृष्ण सुनुवार, छविन्द्र लिम्बू, काजीमान यक्सो र गणेश राई रहनुभएको छ ।

समाजले विगत ४ वर्षदेखि प्रदान गर्दैआएको प्रभात साहित्य पुरस्कार र सम्मानको लागि देशविदेशमा रहनुभएका सबै प्रभात सदस्यहरुलाई आगामी श्रीपञ्चमीको दिन अगावै आफूलाई योग्य लागेको कुनै पनि स्रष्टाको नाम सिफारिस गर्न आग्रह गरेको छ ।

स्मरणरहोस्, प्रभात पुरस्कारको लागि विगत वर्षहरुमा झैं सदस्यहरुबीच मतदान गरी प्रजातान्त्रिक प्रक्रियाबाट छनौट गरिने निर्णय भएको छ ।

यस समाजले साहित्य, साँस्कृतिक र विशेषतः च्यारिटी क्षेत्रमा महत्वपूर्ण काम गर्दैआएको छ । सडक बालबालिकालाई खाना खुवाउने, नेपालका विपन्न स्रष्टाहरुलाई सहयोग गर्दै विभिन्न ५ वटा पुस्तकहरु प्रकाशन गरिसकेको छ । केही महिनाअघि बिरामी पर्नुभएका कलाकार गोपाल भूटानीलाई पनि उपचार्थ नगद रू. ८३ हजार प्रदान गरेको थियो । साथै, प्रभातका केही सक्रिय सदस्यहरुबाट गतवर्ष डोल्पा जिल्लाको काइँगाउँ अन्तर्गत्को थापा गाउँमा प्रत्यक्ष पुगेर प्राथमिक विद्यालय बनाउन रू ३ लाख रुपैयाँ प्रदान गरेको थियो । त्यस्तैगरी, अब चाडै नेपालका बाढीपीडितहरुलाई जाडो याममा लताकपडा बाँड्नको लागि सामान नेपाल पठाई सकिएको कुरा च्यारिटी विभागका जितेन्द्र चेम्जोङले जनाउनु भएको छ ।

नवनिर्वाचित अध्यक्ष इङ्नामले आफ्नो पालामा समाजलाई थप गतिदिने प्रतिवद्धता जनाउनु भएको छ भने चुस्त र प्रभावकारी बनाउनको लागि नयाँ ढङ्गले कमिटी निर्माण गरिएको बताउनु भएको छ । ▪

कविता

# बसाइ बेलायतको

✍ **बिजय हितान**

यहाँ फान्ब्रो रिडिङ लण्डन
अनि फोक्सटन छन्
यिनीहरु
आकाशका पिण्डझैं टाढा टाढा छन्
तिम्रो गाउँ मेरो गाउँभन्दा धेरै टाढा छ
त्यसैले त प्रिय
तिमी हामीबीचको दुरी
झन टाढा भएको छ ।

आजकल
दिन छोटो र रात लामो छ
राजमार्गको
यात्रा पनि उस्तै छ
त्यसैले मेरो बेलायतको बसाइ लामै छ

यहाँ चिसो छ
गलबन्दीले लपेटिएको छ मेरो गला
रुघा खोकीको माहामारी छ
गोजीमा पानाडोलको चक्की छ
नाङ्गा रुखहरुले बसन्त डाकिरहेका छन्
मेरो कारको स्क्रिनमा

हिउँको सेतो पत्र छाएको छ
कोठाभित्र एउटा शरीर थर्थराएको छ
त्यसैले मेरो बसाई बेलायतमा चिसिएको छ ।

किसिम किसिमका घरहरु छन्
एउटा घरभित्र बस्ने म
मर्गेजको गरुङ्गो भारी बोकेको छु
जीवन भर बिसाउन नसक्ने आर्थिक मन्दीले
रोजगारीको मारमा परेको छु ।
के गरौं हातमुख जोड्नै पर्ने
सुपरमार्केटको ट्रली धकेल्दै बाँचिरहेको छु ।

मुशाक्वाला र हेल्मण्ड प्रोभिन्सहरुमा
भाइ, भान्जाहरु
आतङककारी विरुद्ध लडिरहेका छन्
म यहाँ
मानव अधिकार खोज्दै
गोर्खालीहरुप्रति भेदभाव विरुद्धमा
संघर्ष गरिरहेको छु
त्यसैले मेरो बसाइ बेलायतको अशान्त छ ।

*(२०६६, बेलायत )*

# प्रथम विश्वव्यापी अनलाईन नेपाली रेडियो गजल प्रतियोगीताको पुरस्कार वितरण कार्यक्रम सम्पन्न

काठमाडौं, ४ वैशाख २०६७ । गत १७ अप्रिल २०१० तदानुसार २०६७ वैशाख ४ गतेको दिन बागबजारको होटल असोका काठमाडौंमा प्रथम विश्वव्यापी अनलाईन नेपाली रेडियो गजल प्रतियोगीताको पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको थियो ।




पुरस्कृत गजल श्रष्टाहरुमा क्रमशः पहिलो दोस्रो र तेस्रो उमा सुवेदी इजरायल, निराजन वतास भोजपुर र सुर्य चापागाइँ काठमाडौं रहेका थिए । वहाँहरुलाई प्रमुख अथितिको बाहुलीबाट प्रमाणपत्र साथै वहाँहरुको नगद राशि हस्तान्तरण गरिएको थियो । पुरस्कृत श्रष्टा उमा सेवेदीको प्रमाण पत्र साथै नगदरासी वहाँको श्रीमान यादव भण्डारीले ग्रहण गर्नुभएको थियो ।

यस कार्यक्रममा विश्वका १८ मुलुकहरुबाट र नेपालका ३८ वटा जिल्लाहरुबाट गजल श्रष्टाहरुले अति उत्साहजनक सहभागी जनाउने भएको थियो । यस पुरस्कारका प्रयोजकहरु कला साहित्य डट कम प्रथम पुरस्कार, युन्छोमा प्रा. लि. दोस्रो पुरस्कार, र च्याम्स प्रोडक्शन प्रा.लि. तेस्रो पुरस्कार रहेको थियो ।

कार्यक्रमलाई प्रवासी नेपाली साहित्य समाजका अध्यक्ष सुरेन्द्र इङ्नामले पठाउनु भएको सन्देश पढेर सुरु गरिएको थियो । वहाँले "यो पछिल्लो समयमा आएर नेपाली साहित्यलाई नियाल्दा, गजल विधा निकै नै उत्साहवर्द्धक रुपमा अघि बढिरहेको बताउनु भयो । वहाँले यही समयलाई अवसर पारेर विश्वव्यापी रेडियो गजल प्रतियोगीताको सुरुवात गरिएको र यो विधाको विश्वव्यापी रुपमा पहिलो कार्यक्रम भएकोमा प्रवासी नेपाली साहित्य समाजले गौरव पनि मानेको बताउनु भयो । विषेशतः प्रवासमा रहेर पनि नेपाली साहित्यको लागि सकेसम्म सहयोग गर्ने अभिप्राय हाम्रो हो र आजको यो सञ्चारयुक्त समयमा डायस्पोरामा रहेका नेपाली साहित्यलाई माया गर्ने श्रष्टाहरुको भावनालाई एक आपसमा साटासाट गर्नदिनु नै केही उपलब्धि भएको बताउनु भएको थियो ।




सो कार्यक्रम नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति वैरागी काइँलाज्यूको आतिथ्यमा सम्पन्न भएको थियो भने अतिथिहरु प्राज्ञ डा. गोविन्दराज भट्टराई, प्राज्ञ ललिजन रावल, वरिष्ठ साहित्यकार विजय सुब्बा, डा. कृष्णहरि बराल र शितल गुरुङ र कादम्विनी हुनुहुन्थ्यो । कार्यक्रमको सभापति अमर तुम्याहाङ्ले गर्नेभएको थियो भने कार्यक्रमलाई रमेश पौडेलले सञ्चालन गर्नुभएको थियो। कार्यक्रमको

विसर्जन प्रमुख अथितिबाट नेपाली साहित्यमा नयाँ आयाम थपिएको र नयाँ प्रविधिसँगै यस प्रकारको कार्यक्रमको महत्व बढ्दै गएको साथै डायस्पोरामा नेपाली साहित्यको गजल विधामा यस संस्थाले गरेको यो कार्यक्रम नौलो प्रकारको र पहिलो प्रयास हो, यसरी नै प्रवासमा बसेर पनि नेपालीपन र नेपाली साहित्यलाई अगाडि बढाइ रहनुहोस् भन्दै विसर्जन गर्नुभएको थियो ।

विश्वव्यापी अनलाईन नेपाली रेडियो गजल प्रतियोगीताका २०६६ को परिणाम, प्राप्त १७७ वटा गजलहरुमध्ये छनौट भएका उत्कृष्ट २१ गजल तथा गजलकारहरु निम्न रहेका छन् ।

१. प्रथम - उमा सुवेदी, इजरायल
नगद रू २१ हजार र प्रमाणपत्र
२. दोस्रो - निराजन बतास, भोजपुर
नगद रू ११ हजार र प्रमाणपत्र
३. तेस्रो - सूर्य चापागाई, काठमाडौँ
नगद रू ५ हजार र प्रमाणपत्र
४. चौथो - रीता खत्री, विराटनगर
प्रमाणपत्र
५. पाचौ - डा. सुधा शाही, काठमाडौ
प्रमाणपत्र
६. छैठौं - नबराज नबोदित, कतार
प्रमाणपत्र
७. सातौं - गनिन्द्र लिम्बू, मलेशिया
प्रमाणपत्र
८. आठौं - निराज भट्टराई, तनहुँ
प्रमाणपत्र
९. नवौं - निर्मलकुमार पौडेल, रौतहट प्रमाणपत्र
११. दशौं - गोपालचन्द्र राई, खोटाङ
प्रमाणपत्र
११. एघारौं - पी. एस. लिम्बू दुबई
प्रमाणपत्र
१२. बाह्रौं - बिपु वाइबा, बेलायत
प्रमाणपत्र
१३. तेह्रौ - डा. टिकाराम भण्डारी, रुपन्देही प्रमाणपत्र
१४. चौधौं - हस्त गौतम, अमेरिका
प्रमाणपत्र
१५. पन्ध्रौं - निरु के.सी. अश्रु पोखरा प्रमाणपत्र
१६. सोह्रौं - बिष्णुनन्द चाम्लिङ, हङकङ
प्रमाणपत्र
१७. सत्रौं - दिलदुखी जन्तरे, मलेशिया
प्रमाणपत्र
१८. अठारौं - नरेश नाती, ब्रुनाई
प्रमाणपत्र
१९. उन्नाइसौं - देवकला कार्की, धनकुटा प्रमाणपत्र
२१. बीसौं - वर्षाद दर्लामी, मलेशिया
प्रमाणपत्र

# संस्कृतिकर्मी राईसँग साहित्य समाज ब्रुनाईको भेटघाट

ब्रुनाई २५ मार्च १२ । ब्रुनाई भ्रमणमा आउनु भएका संस्कृतिकर्मी दिलेन्द्र राईसँग ब्रुनाईमा रहेका स्रष्टाहरुले एक भेटघाट कार्यक्रम सम्पन्न गऱ्यो ।

लामो समयदेखि साहित्य, सङ्गीत र लोकसंस्कृति संरक्षणमा काम गर्दै आउनु भएका स्रष्टा राईको स्वागतार्थ प्रवासी नेपाली साहित्य समाज, बेलायत, ब्रुनाईले एक औपचारिक भेटघाट कार्यक्रमको आयोजान गरेको हो । पूर्वी लिम्बुवानमा लोकप्रिय ख्याली, हाक्पारेजस्ता लोकसंस्कृतिको जगेर्ना गर्न बिशेष योगदान दिनुभएका राईले लाहुर घर आफूले सोचेजस्तो नभई विश्वविद्यालय जस्तो पाएको विचार व्यक्त गर्नुभयो । वहाँले ब्रुनाईवासी नेपालीहरुको जीवनस्तर अत्यन्तै उच्च पाएको र अरु धेरै सम्भावना देखेको विचार व्यक्त गर्नुभयो ।




साहित्य समाजका सदस्य महेश वनेमको स्वागत मन्तब्यबाट सुरु भएको कार्यक्रममा समाजका अध्यक्ष विश्वासदीप तिगेलाले आभार-पत्र प्रदान गर्नुभएको थियो भने उपाध्यक्ष जितेन्द्र चेम्जोङद्वारा खादा ओढाई सम्मान गरिएको थियो । संस्कृतिकर्मी राईको सम्मानार्थ किसन राई, सुरेन्द्र इङनाम, सन्देश नेम्बाङ लगायतको उपस्थितिमा स्रष्टाहरुले आ-आफ्नो सिर्जना वाचन गरेका थिए । कार्यक्रमलाई महासचिव आनन्द रानो होछाले आकर्षक ढङ्गले सञ्चालन गरेका थिए ।

# बेलायत तथा ब्रुनाईबाट प्रभात पुरस्कार साहित्यकार धरावासीलाई प्रदान

काठमाडौं, १८ भाद्र २०६५ । प्रवासी नेपाली साहित्य समाज (प्रभात) द्वारा वर्षेनी प्रदान गरिने प्रभात पुरस्कार २०६५ नेपाल वरिष्ठ साहित्यकार कृष्ण धरावासीलाई नेपालको कान्तिपुर एफ. एम. को प्रत्यक्ष प्रसारणबाट २०६५ भाद्र १८ तदनुसार ३ सेप्टेम्बरको दिन विहान ७ बजेर ३० मिनेट जाँदा प्रदान गरियो ।

बेलायत तथा ब्रुनाईमा सञ्चालित प्रवासी नेपाली साहित्य समाज(प्रभात) का वरिष्ठ सदस्य जितेन्द्र चेम्जोङ र महासचिव नवराज राईको उपस्थिति, वरिष्ठ साहित्यकार वैरागी काँइलाको प्रमुख आतिथ्य र हेम भण्डारीको सञ्चालनमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको हो । धरावासीले विगत ३ दशक अघिदेखि नेपाली साहित्यमा निरन्तर पुऱ्याउनु भएको योगदानको कदर गर्दै उक्त प्रभात पुरस्कार २०६५ प्रदान गरिएको हो ।

विदेशमा दुःख गरी कमाएको थोरै हिस्सा छुट्टाएर साहित्यको फाँटमा पुरस्कारको व्यवस्था गर्नु आफैमा सराहनीय कार्य भएको कुरा प्रमुख अतिथि काइँलाले बताउनु भयो । त्यस्तैगरी, पुरस्कृत स्रष्टा धरावासीले आफूलाई विदेशमा रहेका स्रष्टाहरूले सम्झेर पुरस्कृत गरेकोमा हार्दिक आभार व्यक्त गर्नुभयो ।

समाजले गत वर्ष काठमाडौंको धरहराको टुप्पामा पुरस्कार प्रदान गरेको थियो भने यस वर्ष कान्तिपुर एफ. एम.बाट प्रत्यक्ष प्रसारणबाट नौलो तरिकाले कार्यक्रमको आयोजना गरेको थियो । कान्तिपुर एफ. एम. सुन्ने लाखौं स्रोताहरूले प्रत्यक्ष सुनेका थिए । त्यस्तैगरी बेलायत, मलेसिया, ब्रुनाई, अमेरिका, हङकङ लगायत विश्वभरकाले अनलाइनमार्फत् पनि उक्त कार्यक्रम सुनिएको थियो ।




स्मरणरहोस्, प्रभात पुरस्कार वर्षमा १ जनालाई रू. १५ हजार रुपैयाँ नगद र प्रमाणपत्र प्रदान गरिन्छ । यसभन्दा अघि सुसनवाला राई (२०६२), शशि लुमुम्बु (२०६३) र रमेश पौडेल (२०६४) लाई प्रभात पुरस्कार प्रदान गरिएको थियो ।

उत्साहित लाहुरे स्रष्टाहरूको सक्रियतालाई प्रोत्साहन गर्ने उद्देश्यले प्रभात पुरस्कारको लागि १ हजार पाउण्डको साङ्केतिक कोष ब्रिट्रिस गोर्खा सेनाका पूर्व गोर्खामेजर लक्ष्मीभक्त बान्तावाले स्थापना गर्नुभएको थियो । ■

# संविधानसम्बन्धी पुस्तक अनलाइन भिडियोमार्फत् विमोचन

काठमाडौँ, १ वैशाख ०६९ । विश्वासदीप तिगेलाद्वारा लिखित 'निष्पक्ष संविधान, समृद्ध नेपाल शीर्षकको कृति अनलाइन भिडियोमार्फत् विमोचन भएको छ ।

पुस्तकमा विश्वमा संविधान लेखन, अनुभव र नेपाली सन्दर्भमा त्यसको उपयोगबारे उल्लेख गरिएको छ । प्रा. डा. गोविन्दराज भट्टराईले कृति विमोचन गर्दै युद्ध साहित्यलाई बाहिर ल्याउन ठूलो योगदान दिएका तिगेलाले राजनीतिक चिन्तन गरेर सो कृति ल्याएको बताउनुभयो ।

तिगेलाको यसअघि गृहयुद्धका पीडा, देश बोक्नुको पीडा र बोर्नियो परिचय कृति प्रकाशन भइसकेका छन् । विश्व नेपाली साहित्य महासङ्घका महासचिव तिगेला हाल बेलायती गोर्खा सैनिकका रुपमा सेरिया ब्रुनाइमा कार्यरत् हुनुहुन्छ । उक्त कृतिलाई प्रवासी नेपाली साहित्य समाज, बेलायत/ब्रुनाईले प्रकाशन गरेको हो । -रासस ■

# विश्वव्यापी खुल्ला अडियो कविता प्रतियोगीता २०६८ को नतिजा घोषणा

विश्व नेपाली साहित्य महासङ्घ केन्द्रीय समितिको आयोजनामा सम्पन्न विश्वव्यापी खुल्ला अडियो कविता प्रतियोगिता २०६८ मा कतारमा कार्यरत् चर्चित ढुङ्गेल प्रथम भएका छन् ।

विश्वका विभिन्न १९ मुलुक र नेपालको २७ जिल्लाबाट १ सय ८२ सहभागी कविताहरुमध्ये १ सय ७३ वटा प्रतियोगी रहेका थिए । साथै, यसवर्ष विभिन्न ८ मातृभाषाका कविताहरुको पनि सहभागीता रहेको थियो । दोस्रो स्थानमा स्वप्निल स्मृति (पान्थर); तेस्रो, रमा अधिकारी (काभ्रे), चौंथो, हेम सरु प्रवास; पाँचौं टिका भाइ (सिक्किम); छैटौं, बाबु त्रिपाठी (नवलपरासी) लगायत क्रमशः सुमनराज श्रेष्ठ (चितवन), यम भुषाल (पर्वत), रीता खत्री (भोजपुर), रामप्रसाद प्रसाईं, गणेश खड्का (सेसेल्स), बलदेभ भट्ट (युएई), सुधीर क्षेत्री (कालिम्पोङ), विनोद न्यौपाने (बेलायत), मल्लिका शाक्य (अमेरिका), ऋषि बस्ताबोटी (क्यानडा), विद्या सापकोटा (काठमाडौं), सुवास खनाल (मकवानपुर), आनन्द श्रेष्ठ (काठमाडौं) र बीसौं स्थानमा सुशील सुब्बा (ललितपुर) रहनुभएको छ ।

कविताका मूल्याङ्कनकर्ताहरु प्राज्ञ कवि श्रवण मुकारुङ, प्राज्ञ डा. बेन्जु शर्मा र अमेरिकामा रहनु भएका कवि हेमन्त श्रेष्ठ रहनुभएको थियो भने बेलायत, यूएई, साउदी अरेबिया र अफगानिस्तानबाट पर्यवेक्षक मूल्याङ्कनकर्ताहरु रहनु भएको थियो ।

कविता प्रतियोगीताको परिणाम महासङ्घ स्थापना अर्थात् भानु जयन्तीको अवसरमा घोषणा गरिएको थियो । प्रतियोगीतामा पहिलो, दोस्रो र तेस्रो स्थान प्राप्त गर्नुहुनेले क्रमशः नगद रू २१ हजार, ११ हजार र ५ हजार प्राप्त गर्नेछन् । साथै, ११ औं स्थानसम्म प्राप्त गर्नेलाई प्रमाणपत्र प्रदान गरिनेछ । राई बान्तावा र लिम्बू भाषाको कविताहरु प्रतियोगीताको लागि तोकिएको न्यूनतम् सङ्ख्यामा प्राप्त भएकोले मूल्याङ्कन गरी लिम्बू भाषातर्फ भरत थोक्लेन, धनकुटा र राई बान्तावातर्फ असिम राई इलाम प्रथम घोषित हुनुभएको छ । विजयी दुबैले नगद रू १ हजार र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

कार्यक्रमको सहआयोजक एवम् प्रायोजकको रुपमा प्रवासी नेपाली साहित्य समाज बेलायत/ब्रुनाई, विनेसाम रसिया शाखा, साउदी अरेविया शाखा, नवोदित साहित्यिक मोबाइल पुस्तकालय कतार, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, यूएई रहेका छन् भने कार्यक्रमको कुल खर्च रू १ लाख रुपैयाँको अनुमान गरिएको छ ।

नेपालको राष्ट्रिय गानबाट सुरु भएको उक्त कार्यक्रममा प्रमुख अतिथि प्राज्ञ कुलपति बैरागी काइँलाको अडियो मन्तव्य लगतै अतिथिहरु प्राज्ञ डा. गोविन्दराज भट्टराई, मुरारीराज शर्मा, डा. कविताराम श्रेष्ठले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो । महासङ्घ स्थापना भएको १ वर्षको समयलाई समीक्षा गर्दै यूएईबाट समदर्शी काइँलाले बोलेका थिए । त्यस्तैगरी, आदिकवि भानुको सम्बन्धमा न्यूयोर्कबाट भोला शिवाकोटी पुरानोघरेले चर्चा गरे लगतै एकदर्जन कविता तथा गजलहरु वाचन भएका थिए । सहभागीहरुको कविता वाचनपश्चात् विजयी कविहरुको नाम अध्यक्षबाट घोषणा गरिएको थियो । स्काइपमा सम्पन्न उक्त घोषणा तथा वर्षगाँठ समारोहलाई रसियाबाट डा. मधु माधुर्यले सभापतित्व गर्नुभएको थियो भने सञ्चालन ब्रुनाईबाट महासचिव विश्वासदीप तिगेलाले गरेका थिए ।

नेपाली साहित्यको इतिहासमा व्यापक रुपबाट र नयाँ प्रविधिबाट अडियो कविता प्रतियोगीता गरिएको सम्भवत यो पहिलो पटक हो । उच्च प्राविधिक प्रयोगबाट आयोजना गरिएको यस प्रतियोगीताको लागि ब्रुनाईबाट काम भएको थियो । विजयी कविहरुलाई केही हप्ताभित्रै काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी पुरस्कार वितरण गरिने भएको छ ।

प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने पदाधिकारीहरु लगायत सबैलाई, विशेषतः मिडिया सहयोगीहरुलाई धन्यवाद ज्ञापन गर्दै विजयी तथा सहभागी सबैलाई बधाई ज्ञापन गरेर सभापतिले कार्यक्रमको विसर्जन गर्नुभएको थियो ।

*सम्पूर्ण कविताहरुलाई साहित्य महासङ्घको वेबसाइट डब्लुडब्लुडब्लु डट जिएफएनएल डट अर्ग* (www.gfnl.org) *मा हेर्न सकिन्छ ।* ■

## गजल

✍ शुशिला लिम्बू

चर्केको मुटु मेरो चर्काएर गयौ
यी आँखामा श्रावन झरी दर्काएर गयौ ।

आडम्बरी पिरतीको ढुङ्गा हानी व्यर्थै
मनको शान्त तलाउ यो थर्काएर गयौ ।

फेरि फर्की आउँछु भनी आशा देखाउँदै
यति लामो जिन्दगानी पर्खाएर गयौ ।

हाम्रो माया फुलाएर सुवास छर्छु भन्थ्यौ
स्नेहकै मुना आज लर्काएर गयौ ।

किनार बनी म त सधैं कुरी बसेकै थें
तिमी नदी वेग अन्तै तर्काएर गयौ ।

नचर्केको मुटु मेरो चर्काएर गयौ
यी आँखामा श्रावनझरी  दर्काएर गयौ ।

*मानभवन, नेपाल ।*

संस्मरण:

# सम्झनाको साँझवत्ती

**अफगानिस्तानमा वीरगति प्राप्त स्व. युवराज राई (खोटाङ्) र स्व. कृष्णबहादुर दुरा (स्याङ्जा) मा समर्पित**

**आनन्द रानोहोछा**

बाँचे भने रेलिमाई यै बाटो आउने।
मरे भने रेलिमाई बालुवा सिरानी॥

म अत्यन्तै सानो छँदा एकदिन भाँडाकुटी खेल्नेक्रम्मा जुठेल्नाबाट घ्यानमा खसेको थिएँ। टाउकोमा लागेको चोट सहन नसकेर बेस्सरी रोएको थिएँ। त्यसबेला आँगनमा ओच्छ्याएको सुकुलमा बसेर आमाले मलाई काखमा दूध खुवाउँदै एउटा कथा सुनाएर फकाउनु भएको थियो। त्यति सानो बालककोसम्म मन छुने त्यो कथा मेरै लाहुरे बाजे र बिधुवा बोजुको थियो।

मेरो बोजुले लडाइँमा हिँड्नु भएको मेरो बाजेलाई कलकत्तामा बिदाइ गर्ने बेलामा (हर्न बजाउँदै हतारिई रहेको रेलमा चढ्नुअघि) घ्वाक घ्वाक रुँदै बाजेले गाउनु भएको गीत रे।

"बाँचे भने रेलिमाई यै बाटो आउने।
मरे भने रेलिमाई बालुवा सिरानी॥"

गीतको त्यो अत्यन्तै मर्मस्पर्शी लय म अनायस अझै पनि गुनगुनाउँछु। त्यसताका लडाइँमा गएका योद्धाहरु प्रायः फर्केर नआउने हुन्थ्यो रे। हुनपनि रक्सी र खुकुरीको भरमा लडाइँ लड्ने जमाना रहेछ त्यो।

"दैलोमुनि फोटो छ,
जिन्दगानी छोटो छ।"

यस्तै किसिमका गीतहरु एकादुई गाइन्थ्यो रे। "आईमाईले पढे बोक्सी हुन्छन, केटाहरुले पढे चोर हुन्छन्" भन्ने त्यो अनपढ जमानामा पनि यति धेरै मानवीय सम्वेदना भएका गीतहरु पढेर होइन परेर, भोगेर अनि अनुभूति गरेर नै सिर्जना हुने गर्थेछ।

लाहुरे बाजेले छुट्ने बेलामा गाउनु भएको तिनै मर्माहित गीतहरुले मेरो बजुको मन नौचिरा भएको थियो रे। वियोगिएको त्यो क्षण, भक्कानिएको मन र गहभरिको आँसुले दैव नटर्दो रहेछ! एकदिन, बजुको नाममा पल्टनबाट धागोले बाँधेको चिठी आइपुग्यो रे। यस्तै यस्तै मेरो बाजे र बजुको वास्तविक वियोगान्त कथा मेरो आमाले सुनाउनु भएको थियो। आफ्नो बाजेबजु त परै जाओस्। जन्मदिने बाबालाईसम्म साक्षत् भेट्न नपाएको मान्छे म। धन्य ठान्छु, त्यो जुठेल्नाबाट लडेर घ्यानमा खसेको पल अनि संयोगलाई। कमसे कम एउटा अर्ध टुहुरोले कथाको रुपमा भए पनि त्यति महत्वपूर्ण पुरानो कथाहरु जान्न पाउनु अवश्य नै एउटा संयोगवसको अबसर हो।

वास्तबमै, त्यो कथा समयको कालखण्ड भएर फेरि फेरि दोहोरिई रहने हामीहरुकै कथा रहेछ। निर्दोष लाहुरेहरुकै व्यथा रहेछ। यथार्थपरक, हामीहरुकै सहन नसकिने तितो वर्तमान रहेछ। बृटिश आर्मिमा कार्यरत् राईफलम्यान युवराज राई अनि कलर सार्जन्ट कृष्ण दुराले भर्खरै अफगानिस्तानको मरुभूमिमा त्यही कथा दोहोर्‍याएर सधैँका लागि यस संसारबाट टाढा भइसकेको स्तब्ध वर्तमान र आलो सम्झनाहरुले आघात भएको छ- मन। सृष्टिकै नियम र मानवीय जीवनचक्रका हजारौं उदाहरणहरुले मन बुझाउन जति कोसिस गरे पनि झनै चर्किन्छ- मुटु। हो, थाहा छ- सृष्टिको औपचारिक नियम हो- मृत्यु, बाँच्नुको गन्तव्य हो- मृत्यु। यसर्थ, मरणशील मानिस एकदिन मरेर जाने प्रक्रिया हामिले स्वीकारेका छौं। तर, प्रत्येक मानिसले उसको सरदर आयु जीउनु पाउने अधिकार नदिनुमा भने सृष्टिबाट पनि अत्यन्तै असहनीय भूल भएको हो जस्तो लाग्छ- यतिबेला।

संसारमा शान्ति छाउनुपर्छ र हरेक मानिसले ढुक्क भएर सामाजिक जीव्न जिउनुपर्दछ भन्ने सन्देश फिजाउँदै अफगानिस्तानको मरुभूमिमा रातदिन दुःख, मेहनत र पसिना बगाउने हामी आम गोर्खाली नेपालीहरुको सहयात्रीद्वय स्व. युवराज र कृष्णको मनोभावलाई पटक्कै बुझ्न सकेन ईश्वरले पनि। थुईक्क! कति निम्छरा हुँदा रहेछन् भगवान पनि। दुनियाँको अगाडि मान्छेलाई कुखुरा रेटेजस्तै तड्पाई तड्पाई मार्ने इराकी अल्सुन्नाहरुजस्ता नरभक्षीहरुलाई सजाय दिन नसकेर सामाजिक भावले बाँच्न चाहने निर्दोषहरुलाई चुडेर लग्यो।

स्व. युवराज र कृष्ण दुईजनासँगै म एउटै पल्टनको हुनाले अत्यन्तै नजिकको चिनारी थियो- मेरो। आफ्नो नामजस्तै इमान्दर, जेहेन्दार सुशिल स्वभाबको युवराज राई बृटिश आर्मिमा सेवारत् भएको दशौं वर्ष पुगे पनि आजसम्म अबिबाहित नै हुनुहुन्थ्यो। आफ्नो परिवार र जीवन चलाउने हरेक मानिसको आ-आफ्नै सोचाई र योजनाहरु हुन्छन्। सायद, वहाँ पनि आफ्नै योजनाहरु अनुसार बिवाह अलिक ढिलै गर्ने सोचमा हुनुहुन्थ्योजस्तो लाग्छ। वहाँको परिवारसँग त म परिचित छैन। जेहोस्, बिवाहको सम्बन्धमा भने अरु साथीहरुबाट सुनेको थिएँ। एकजना धरानको चाम्लिङ् बहिनीसँग मगनीको कुरा हुनेवाला थियो रे। मतलब, कुनै एउटा प्रतीक्षारत् नारीको हत्केलाबाट अनायस पुजाको थाली झर्‍यो। अपूरो सिन्दुर पनि पोखियो। परिवारको खुशीमा त त्यसै पनि चट्याङ् पर्‍यो। मुटुमाथि बज्र खस्यो।

कलर सार्जन्ट कृष्ण दुरासँग त म एउटै कम्पनीमा काम गरेको निकै लामो अनुभव छ। पहिलोचोटि अफगानिस्तानमा भएको युद्धको अनुभव बटुल्दा वहाँ मेरै प्लाटुनको सार्जन्ट हुनुहुन्थ्यो। सारै हँसिलो, खुसिलो र जोशिलो स्वभाव थियो- वहाँको।

लडाइँको थकाइ र जोखिमपूर्ण अवस्थामा आफ्नो साथीहरुलाई सान्त्वना दिन- "यदि जुरेको छ भने ओच्छ्यानमा पनि मर्छ मान्छे; तर जुरेको छैन भने भीरबाट हाम्फाल्दा पनि केही हुँदैन साथी हो" भन्नुहुन्थ्यो । त्यो मिठो र स्पष्ट बोली अझै कानमा तरङ्गीत् हुन्छ। यथार्थमा, परिवार लगायत हामी सबैलाई आँशुको पोखरीमा छाडेर सधैँका लागि बिदा लिनुभयो- वहाँले पनि। सुरुमा उल्लेखित धेरै पुराना लाहुरेहरुले गाउने वियोगान्त गीतजस्तै युवराज र कृष्णको पनि अन्तिम पारिवारिक भेट अधुरो रह्यो। अब हामीसँग केवल,निष्पट सन्नाटामा हुरिलेनिभ्नै आँटेको दियोसरि सधैँ जलिरहने सम्झनाको साँझवत्ती र झझल्कोहरु मात्र बाँकी भयो ।

विगतमा हामीसँगै हाँस्ने-खेल्ने हाम्रा पल्टने सहयात्रीद्वय स्वर्गीय युवराज र कृष्णको मृतात्माको चिरशान्ति कामना ! हुनु त, एउटा लेखकको हृदयले ओकल्ने यी हरफहरु पनि केवल मन दुखाउने चिनो मात्र हुनेछ । बल्झिरहने घाउ मात्र हुनेछ । तथापि, शोकले व्याकुल मनहरु सम्हालिन नसक्दा शोकाकुल परिवारको मनमा शान्ति मिल्न सकोस् भन्ने प्रार्थना गर्दै अतृप्त सम्झनास्वरुप समवेदनाका यिनै घाइते हरफहरु श्रद्धाञ्जलि !

पर लैजाऊ फूलहरु
बन्द गर गीतहरु
तिम्रा याद आउने सबै चिजहरु !
बिदा । ▬

*(अफगानिस्तानमा वीरगति प्राप्त स्व. युवराज राई (खोटाङ) र स्व. कृष्णबहादुर दुरा (स्याङ्जा) मा समर्पित)*

# ब्रुनाईमा दुई म्युजिक भिडियो सार्वजनिक

सुरेन्द्र इङ्नाम ब्रुनाई

सेरिया, ब्रुनाई २० अक्टोबर । गत २० अक्टोबरको दिन सेरिया, ब्रुनाईमा दुई म्युजिक भिडियोको सार्वजनिक कार्यक्रम सम्पन्न भयो ।

रिमा गुरुङको स्वर र विश्वकाजी राईको शब्द रहेको सयौँचोटि बोलको गीत साथै जगदिश समालको स्वर तथा नायिका गौरी मल्लको शब्द रहेको लजालु मेरी माया बोलको गीतको भिडियो निर्माण भएको हो । युवा निर्देशक मिलन चाम्सद्वारा निर्देशित दुबै गीतको छायाङ्कन बेलायत र ब्रुनाईमा भएको छ ।

सार्वजनिक कार्यक्रममा भेला भएका दर्शकहरुलाई नेपालबाट फोनमार्फत् भिडियोका मोडल तथा नायक धिरेन शाक्य र गायक समालले प्रत्यक्ष सम्बोधन गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि ब्रिटिस गोर्खा सेनाका गोर्खा मेजर यामबहादुर रानाले भिडियोको विमोचन गर्नुहुँदै लाहुरे स्रष्टाहरुको संलग्नता र सिर्जनाप्रति खुशी व्यक्त गर्नुभयो । वहाँले भिडियो सफलताको शुभकामना पनि व्यक्त गर्नुभयो ।

कार्यक्रमको दोस्रो चरणमा चर्चित फिल्म 'पश्चाताप' को प्रर्दशन भएको थियो । बेलायतमा रहेका नेपालीहरु कसरी बिग्रिएका छन् भन्ने सन्देश बोकेको फिल्म हेरेपछि दर्शकहरुको आँखा रसाएका थिए। फिल्मका निर्माता जितेन्द्र चेम्जोङका अनुसार अब छिट्टै मलेसियाका विभिन्न क्षेत्रमा 'पश्चाताप'को प्रर्दशन गरिने भएको छ।

# 'दिपक लिम्बू र मुन्द्रेलाई' ब्रुनाईमा सम्मान

ब्रुनाई,१९ नोभेम्बर २०११।लोकप्रिय गायक दिपक लिम्बू र हास्यब्यङ्ग्यकार जितु नेपाल मुन्द्रेलाई प्रवासी नेपाली साहित्य समाज विश्व नेपाली साहित्य महासङ्घ (आबद्ध) ब्रुनाईले सम्मान गऱ्यो ।




अफगानिस्तानको युद्धमोर्चाबाट फर्किएका गोर्खालीहरुको स्वागतार्थ आयोजित विशाल कन्सर्टको लागि नेपालबाट लिम्बू, मुन्द्रे, इन्दिरा जोशी, सौजन्य सुब्बा र अनिता रजितकार ब्रुनाई, सेरियामा आएका हुन् ।

साहित्य समाजले कलाकारहरुको सम्मानार्थ सेरिया होटलमा रात्रिभोजको कार्यक्रम गरी प्रसंशापत्र प्रदान गरेको थियो । त्यसै अवसरमा गोर्खालीको सर्वोच्च पद गोर्खा मेजरको कार्यकाल समाप्त गरी वेलायत फर्कन लाग्नु भएका मेजर याम रानालाई पनि समाजले हार्दिक विदाई गरेको थियो । ▬

# भि.सी. लिम्बुलाई सम्मान र घिमिरेलाई पुरस्कार प्रदान

काठमाडौ, ७ अगस्त २०१२, प्रवासी नेपाली साहित्य समाज, वेलायत/ब्रुनाईले यस बर्षको प्रवासी प्रभात पुरस्कार तथा सम्मान प्रदान गर्‍यो ।

रिपोटर्स क्लब काठमाडौंमा आयोजित सम्मान तथा पुरस्कार वितरण समारोहका प्रमुख अतिथि माननीय शिक्षा मन्त्री दीनानाथ शर्माले वरिष्ठ फिल्म निर्देशक तुलसी घिमिरेलाई नगद ३१ हजार १ सय र ताम्रपत्र सहित यस बर्षको प्रवासी प्रभात पुरस्कार २०१२ र प्रवासी प्रभात सम्मान रिटायर्ड क्याप्टेन रामबहादुर लिम्बु भि.सी.लाई प्रदान गर्नुभयो । त्यस्तै साहित्यकार केदार सुनुवार संकेतलाई प्रसंसापत्र प्रदान गर्‍यो ।

वेलायती सेनामा सेवारत स्रष्टाहरुको यस समाजले बर्षबर्षमा सडक बालबालिकालाई लताकपडा वितरण, प्राकृतिक विपदको बेला आपतकालिन सहयोग लगायत विभिन्न कल्याणकारी काम गर्दै आएको छ । समाजको गतिविधिहरुलाई संग्रह गरिएको पल्टनघर नामक पत्रिकाको समेत प्रमुख अतिथि मन्त्री शर्माले विमोचन गर्दै प्रवासी नेपालीहरुको प्रसंसा गर्नुभयो । वेलायती सेनाको सर्वोच्च पदक भिक्टोरियाक्रस विजेता रामबहादुर लिम्बुको बारे लेखिएको लेख पाठ्यक्रमबाट हटाइएकोमा खेद व्यक्त गर्दै पुनः रख्नको लागि पहल गर्ने बचन दिनुभयो ।

सम्मानित तथा पुरस्कृत स्रष्टाहरुको बारेमा निर्माण गरिएको छोटो बृत्तचित्र कार्यक्रममा प्रदर्शन गरिएको थियो । म त आफ्नो काम गरिरहेको मान्छे किन पुरस्कार दिनुभयो भनी प्रश्न गदै भावुक बनेका घिमिरेले आभार व्यक्त गर्नुभयो । घिमिरे दार्जिलिङमा जन्मिएर नेपाललाई कर्मभूमि बनाउदै आउनु भएको छ । वहाले लोकप्रिय लाहुरे फिल्म लगायत दुईदर्जन बढि फिल्म निर्देशन गरिसक्नु भएको छ । त्यस्तैगरि भी.सी. लिम्बुले बहादुरी पाएको कथा सुनाउदै प्रसन्नता व्यक्त गर्दै समाजलाई धन्यवाद दिनुभयो ।

वेलायतमा सन् २००१ स्थापित साहित्य समाजले यसअघि वरिष्ठ साहित्यकार कृष्ण धरावासी, गणेश रसिक, नोर्देन तेन्जिङ भुटिया लगायत गतबर्ष जेलभित्रै रहेका डि. बी. बमजनलाई सम्मान प्रदान गरि सकेको छ ।

समारोहको सभापतित्व समाजका अध्यक्ष विश्वास दीप तिगेलाले गर्नुभएको थियो भने सहभागि सबैलाई उपाध्यक्ष मिलन चाम्सलेस्वागत गर्नुभएको थियो । गैर आवासिय नेपाली संघका केन्द्रिय महासचिव तेन्जी शेर्पा लगायतले बोल्नु भएको थियो । कार्यक्रमको संचालन सचिव किसन राईले गर्नुभएको थियो । पत्रकारहरुको ठूलो भिडमाफ सम्पन्न उक्त समारोहलाई नेपाली समाचारडटकमले अनलाइन मार्फत लाइभ प्रत्यक्ष प्रसारण गरेको थियो ।

## गीत



✍ निलम आङ्बुआङ राई

कस्तो विश्वास थियो त्यो भकै पलमा हराई जाने  
रोई रोई दिएको बचन क्षण भरमा बिलाई जाने ।

आज लाग्यो बिधाताको भाग्य केवल भ्रम् रहेछ,  
मनभित्रको ईश्वर पनि चोट दिने हुँदो रहेछ ।  
खुशी दिने बाचा गरी अन्त कतै सारी जाने,  
रोई रोई दिएको बचन क्षण भरमा बिलाई जाने ।

संसारकै भाग्यमानी म नै थिएँ हिजो अस्ति,  
कमजोर रहेछ सपनाले सजाएको मेरो बस्ती ।  
बालुवाको महलजस्तो सानो छालले भत्काई जाने,  
रोई रोई दिएको बचन क्षण भरमा बिलाई जाने ।

कस्तो विश्वास थियो त्यो भकै पलमा हराई जाने,  
रोई रोई दिएको बचन क्षणभरमा बिलाई जाने !!

*ब्रुनाई*

# प्रवासी नेपाली साहित्य समाजको सहयोग

सुनसरी (चतरा) २४ भाद्र २०६ । प्रवासी नेपाली साहित्य समाज बेलायत तथा ब्रुनाई (प्रभात) को संयुक्त आयोजनामा ०६६ भाद्र २४ का दिन मधेसी टाइगर समूहबाट विस्थापित ५८ घर परिवारलाई लत्ताकपडा वितरण गरेको छ ।

सुनसरी जिल्लाको चतरा र बाङगेमा टहरा निर्माण गरी अस्थायी रुपले बस्दै आइरहेका विस्थापित परिवारलाई स्थानीय नागरिक समाजको उपस्थिति र सञ्चारिका समूह सुनसरीको सहयोगमा प्रभातका कोषाध्यक्ष जितेन्द्र चेम्जोङले उक्त राहत सामग्री वितरण गर्नुभएको हो ।



# ब्रुनाईमा स्व. विजय राई साँझ सम्पन्न

ब्रुनाई, १५ जनवरी । अफगानिस्तानको युद्धमा वीरगति प्राप्त गरेका स्व. विजय राईको सम्मानार्थ भव्य सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

नेपालबाट आएका लोकप्रिय गायक राजेश पायल राईको प्रमुख प्रस्तुति रहेको उक्त कार्यक्रममा ब्रुनाईका पपस्टार गायिका लिलि तथा ब्रुनाईकै हिपहप डान्सहरू लगायत गायक लिम्बू नयन, प्रकाश राई र किसन राईले पनि उत्कृष्ट गीतहरू गाएका थिए ।

गोर्खा मेजर डम्बर शाहीबाट पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गरिएको थियो भने स्व. राई लगायत युद्धमा सहादत प्राप्त गरेका सबैलाई सम्झदै एक मिनेट मौनधारण गरिएको थियो । उक्त कार्यक्रम दक्षिण एशियाकै सुविधा सम्पन्न मध्येको एक सेरिया कम्युनिटी हबमा आयोजना भएको थियो ।

कार्यक्रमका मुख्य आयोजक मिलन चाम्स, जितेन्द्र चेम्जोङ र किसन राईका अनुसार कार्यक्रमबाट प्राप्त रकमले स्व. राईको सम्झनाको लागि काम गर्ने बताउनुभएको छ । कार्यक्रमलाई महेश वनेम र रोजिना राईले सञ्चालन गर्नुभएको थियो । ■




# वरिष्ठ साहित्यकार येहाङ सम्मानित

ब्रुनाई, सेरिया, २३ अक्टोबर २०११ । नेपाली खस भाषा साहित्य र विशेषतः लिम्बू भाषा साहित्यमा महत्वपूर्ण योगदान दिनुभएका येहाङ लाओतीलाई प्रवासी नेपाली साहित्य समाजले ब्रुनाईमा खादा र प्रमाणपत्रबाट सम्मान गरेको छ ।

त्यस्तैगरी, बेलायतमा रहेर नेपाली खस भाषाको संरक्षण, सम्वर्द्धनमा योगदान पुऱ्याउनुभएका चण्डिराज राई र गोर्खा सञ्चार सहकारी संस्था लिमिटेडका सदस्य नेपालबाट ब्रुनाई आउनुभएका सरला सुब्बालाई पनि सम्मान गरिएको थियो ।



गोर्खा सञ्चार सहकारी विषयक अन्तरक्रिया तथा सम्मान कार्यक्रमको प्रमुख अतिथि क्याप्टेन युवराज गर्बुजा पुन मगर र अतिथिको रुपमा भिम राई, दिपा लिम्बू राई, जानुका राई रहनुभएको थियो ।

उक्त कार्यक्रममा मिलन चाम्स, नरेस राई, विश्वासदीप तिगेला लगायतले पनि बोल्नुभएको थियो । सहभागीहरुले गोर्खा सञ्चार सहकारीलाई सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेका छन् । समारोहका सभापतित्व सुनिता लिम्बूले गर्नुभएको थियो भने सञ्चालन सन्तकुमार आङ्देम्बेले गर्नुभएको थियो । ■

# मुक्तक सङ्ग्रह मनोवादको विमोचन




ब्रुनाई, १५ जनवरी । साहित्यकार आनन्द रानोहोछाद्वारा लिखित मुक्तक मुक्तक सङ्ग्रह मनोवादको विमोचन भयो ।

अफगानिस्तानको युद्धमा वीरगति प्राप्त गरेका स्व. विजय राईको सम्मानार्थ आयोजित भव्य सांस्कृतिक कार्यक्रमको लागि नेपालबाट आउनु भएका गायक राजेश पायल राईको बाहुलीबाट उक्त कृतिको विमोचन भयो ।

युद्धभूमिमा लेखिएका मुक्तकहरुको डायरी यहाँहरूलाई पस्केको छु मुक्तककार रानोहोछाले भने ।

जम्मा ८१ वटा मुक्तकहरू समेटिएको सङ्ग्रहलाई प्रवासी नेपाली साहित्य समाज, ब्रुनाई वेलायतले प्रकाशन गरेको हो । ▬

## गजल

✍ **सूर्य चापागाइँ**

तिमी जून हौ कि जुनेली तिमी हौ
कतै पूर्णिमाकी उजेली तिमी हौ

भयो बाग प्यारो तिमी आउनाले
जस्तै चिर्बिरायौ जुरेली तिमी हौ

कडा धूपमा सासको धाप बढ्दा
खडेरी पवनकी सुरेली तिमी हौ

तिमी बगदछ्यौ गीत झैं नयनमा
नदीको निलो नागबेली तिमी हौ

तिमी हाँस्दछ्यौ मञ्जरी पालुवामा
वसन्ती छटाकी चमेली हौ

उषा हौ  रात भई साथ चल्ने
सधैं सूर्यलाई सहेली तिमी हौ

तिमी जून हौ कि जुनली तिमी हौ
कतै पूर्णिमाकी उजेली तिमी हौ

*- धनकुटा, नेपाल*

*(साहित्य समाजले सञ्चालन गरेको विश्वव्यापी रेडियो गजल प्रतियोगिता २०६८ मा तेस्रो स्थान प्राप्त गर्न सफल गजल ।)*

## गजल



✍ **उमा सुबेदी**

परदेशमा दुख्यो मन दुखाएरै रोएँ
परेलीमै सबै आँसु लुकाएरै रोएँ

दशैं तिहार सबै गए निधार भो खाली
आफन्तको आशीर्वाद छुटाएरै रोएँ

कहिले पाउँला पिउन मैले पँधेरीको पानी
वर्षातझैं यी परेली बगाएरै रोएँ

बाध्यतामा बिदेशिएँ रहर हैन मेरो
ऋणमाथिको घाउ फेरि उप्काएरै रोएँ

बाँकी सास आफ्नै देशमा फेर्न पाऊँ भनी
देउतासँग शीर मैले झुकाएरै रोएँ

*- इजरायल*

*(साहित्य समाजले सञ्चालन गरेको विश्वव्यापी रेडियो गजल प्रतियोगिता २०६८ मा प्रथम प्राप्त गर्न सफल गजल ।* www.pravasi.com.np *मा सुन्न सकिन्छ ।)*

## गजल

✍ **निराजन बतास**

उभिनुमै खतरा हुन्छ लुलो भएपछि
टेक्ने गनी साध्य हुन्न धुलो भएपछि

कर्तव्यलाई कहाँ बाध्यता भन्न मिल्छ
डढ्नु पर्छ साँझ बिहान चुलो भएपछि

ढोका थुन्दैमा सर्पको बाटो छेकिँदैन
सिरानीमै हावा छिर्ने दुलो भएपछि

आफै सुक्ला भन्ने हुन्छ घाउ सानो हुँदा
ज्यानै लिने डर हुन्छ ठूलो भएपछि

आँगनकै भर हुन्न घरकै ठेगान हुन्न
घरैमाथि खोला बग्ने कुलो भएपछि

*- कीर्तिपुर, काठमाडौं*

*(साहित्य समाजले सञ्चालन गरेको विश्वव्यापी रेडियो गजल प्रतियोगिता २०६८ मा दोस्रो स्थान प्राप्त गर्न सफल गजल ।)*

## सम्झनाको के कुरा

✍ **ईश्वर चाम्लिङ**

सम्झनाको के कुरा, सम्झी-सम्झी दुखिरहने
सपनाको झन् के कुरा, देख्दा-देख्दै टुटिजाने

देख्दा-देख्दै टुट्ने सपना हार भए जिन्दगी यो
सम्झी-सम्झी नमेटिने कस्तो पिरती यो
सपनाको के कुरा, सम्झी-सम्झी रुवाई छाड्ने
सपनाको झन के कुरा, फुल्दा-फुल्दै ओइलिजाने

नछुट्ने बाचा पनि तोड्ने कस्तो दैव
छल्किर'न्छ आधा माया, कि यो पीरती नै हैन
सम्झनाको के कुरा, सम्झी-सम्झी टुटिजाने
सपनाको झन् के कुरा, देख्दा-देख्दै झस्काइजाने ।

# विश्व नेपाली साहित्य महासङ्घको संक्षिप्त परिचयः

विश्वभर छरिएर रहेका नेपाली साहित्यको संरक्षण, सम्बर्द्धन, विकास र विश्वव्यापी विस्तार गर्नपुर्ने आवश्यकता महसुस गरी विभिन्न १८ वटा मुलुकबाट ४७ साहित्यिक स्रष्टाहरुको सामूहिक सक्रियतामा सन् २०१० (भानुजयन्ती) को शुभअवसरमा यस विश्व नेपाली साहित्य महासङ्घ (Global Fedration for Nepali Literature/GFNL) को विधिवत स्थापना भएको हो । हाल यस महासङ्घका विभिन्न ११ मुलुक (मलेशिया, अमेरिका, वेलायल, साउदी अरेविया, नेपाल, स्पेन, रसिया, बेल्जियम, युएइ, क्यानडा र इजरायल) मा १३ वटा शाखाहरु स्थापना भई सञ्चालनमा रहेका छन् ।

विभिन्न मुलुकमा रहेका बेग्लाबेग्लै अस्तित्वका साहित्यिक सङ्घ-संस्थाहरु तथा स्वतन्त्र स्रष्टासर्जकहरुलाई समेटनको निमित्त साहित्य महासङ्घको स्थापना भएको हो । यस महासङ्घले साहित्यिक संस्थाहरुको पहिचान र अस्तित्वलाई स्वीकार गर्दै महासङ्घमा आबद्ध (Affiliation) गराउँदछ । हाल सम्म विभिन्न देशका आधा दर्जन नेपाली साहित्यिक संस्थाहरु यसमा आवद्ध भइसकेका छन् । साथै, अन्य संस्थाहरु पनि आबद्ध हुनेक्रम् जारी छ ।

यस महासङ्घले नेपाली साहित्यको इतिहासमै पहिलो पटक व्यापक साहित्यकारहरुको सहभागिता रहेको नयाँ प्रविधि र नौलो तरिकाले विश्वव्यापी खुल्ला अडियो कविता प्रतियोगिता २०६८ सुसम्पन्न गर्‍यो । उक्त प्रतियोगितामा विश्वका १९ वटा मुलुक र नेपालका २७ जिल्लाबाट १७२ जना कवीहरुको सहभागीता रहेको थियो । साथै साहित्यकार तथा साहित्यिक संघसंस्थाहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न पुरस्कार र सम्मानहरुको पनि व्यवस्था गरेको छ । महासङ्घले आफ्नो दोस्रो चरणको कार्यक्रम् अन्तर्गत थप शाखाहरु विस्तार, सदस्यता वितरण र साहित्यिक प्रकाशनमा जुटेको छ ।

**महासङ्घका उद्देश्यहरू**

(क) विश्वभर नेपाली साहित्य विस्तार, विकास, संवर्द्धन, प्रोत्साहन र हौसलाको लागि आवश्यक कामहरु गर्ने ।

(ख) साहित्यिक व्यक्तित्व तथा समस्त स्रष्टासर्जकहरुबीच आपसमा चिनजान, मित्रता, भातृत्व, सहिष्णुता, सद्भाव र सहयोगको अभिबृद्धि गर्दै सम्पर्क सेतुको काम गर्ने ।

(ग) देशविदेशमा रहेका विभिन्न नेपाली साहित्यिक सङ्घ, संस्थाहरुसँग समन्वय र सहकार्य गर्दै समउद्देश्य बोकेका संस्थाहरुसँग सम्बद्धता कायम गर्ने ।

(घ) साहित्यिक हक, अधिकारको लागि कार्यरत रहने ।

(ङ) नेपाली परिचयलाई देशविदेशमा सम्मानित र उच्च पहिचानयुक्त बनाउन आवश्यक कार्य गर्ने ।

(च) प्रवासी नेपाली साहित्यको पहिचान र सम्मानको लागि गुणस्तरीय साहित्यमा जोड दिँदै सम्बन्धित निकायहरुमा आवाज र दबाब पुर्‍याउने ।

(छ) विश्वभरका विभिन्न मुलुकमा रहनु भएका नेपाली साहित्यकार, साहित्य, साहित्यिक गतिविघि र साहित्यिक सङ्घ, सङ्गठनबारे जानकारी लिने, अभिलेख राख्ने, साहित्यिक समस्या तथा समाधानको लागि पहल/सहयोग गर्ने ।

(ज) विश्वभरका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाषा साहित्यका सङ्घ, सङ्गठन तथा साहित्यिक व्यक्तित्वहरुसँग यथासम्भव सम्पर्क र समन्वय गर्ने ।

(झ) नेपाली साहित्य (पर्वते, खस भाषा/विभिन्न मातृभाषा) को श्रीबृद्धिको लागि आवश्यक विभिन्न कार्यहरु गर्ने ।

*(महासङ्घले आफ्नो दैनिक गतिविधिहरु* www.gfnl.org *मा अपडुडेट गर्दै आएको छ भने इच्छुकले* gfnl@ymail.com *मा सम्पर्क गर्न सक्नुहुनेछ ।)*

# हाइकु

✍ नयन लिम्बू

१. प्रकृति रुप
बस्त्रविहीन देख्छु
हिउँदो बेला ।

२. कर्दाको मर्म
दापमा सर्वनाश
जिन्दगी हुँदा ।

३. स्याउझैं गाला
पिपलु अनुहार
दोष बैंशको ।

४. पुतली आई
मौरीको भोजन
बेपत्ते ढङ्ग ।

५. 'पल्टनघर'
जेल सदावहार
पुर्ख्यौली भर ।

६. घामको राप
तारा चैं रुवाबास
दिनभरि छ ।

कविता

# सपनाको अवसान



✍ चर्चित ढुङ्गेल

जसरी गोधुलीको पूर्व सन्ध्यामा
झुल्किन्छन् एक हूल ताराहरु
ठीक त्यसैगरी–
मान्छे नजन्मिदै जन्मिन्छ सपना
बाबुआमाका रहर र चाहनासँगै
बर्षहरु खाएपछि हुर्किन्छ सपना
क्रमशः बालक, किशोर र जवान भएर
तन्नेरीसँगै कलेज जान्छ सपना
कुनै सपना अधुरै हुन्छ र रहन्छ
दागी लागेर पढनै छोडेको विद्धार्थीजस्तो ।

कुनै उच्चतहको प्रमाणपत्र बोकेर
लाग्छ जुत्ता खियाउँदै शहरतिर सपना
शहरमा सपनाले हाल्छ हाङ्गा र पात ।
शहरमा प्रमाणपत्र नबिकेपछि
शहरमा सपना नटिकेपछि
अन्तिम बिकल्प रहन्छ सपनासँग
र लाग्छ हरियो बाँसजस्तै
हरियो पासपोर्ट बोकेर
ल्याकत अनुसारको देश
अमेरिका, बेलायत, अष्ट्रेलिया
जापान, सिंगापुर, मलेशिया
वा म जस्तै रेगिस्तानतिर
आफ्नै पैसाले बेचिएर
आफ्नै मलामी बन्न ।
रेगिस्तानमा आएको सपना
बर्षैपिच्छे सपनामै सिमित हुन्छ
दशैं, तिहार, तीजमा
ल्योछार, फगुवा, ईदमा
साकेला, उँभौली र उँधौलीमा
डाको छोडेर रुन्छ सपना
मुलुक सम्झेर रुन्छ सपना ।
कति सपना सवारीमा किचिएर मर्छन्
कति सपना टोपी खस्ने टावरबाट खसेर मर्छन्
कति सपना मर्छन् समुन्द्रमा डुबेर
तातो घाममा रन्थनिएर मर्छन् कति सपना
मर्छन् कति सपना बिजुली लागेर
तर पनि किन देख्न छोड्दैन मान्छेले सपना ?
दिनहरु महिनामा फेरिन्छन्
सपना सपना नै रहन्छ
महिनाहरु वर्षमा बदलिन्छन्
सपना फेरि सपना नै रहन्छ
बर्षहरु दशक, दसकहरु रतज
र रजतहरु शताब्दीमा फेरिन्छन्
तर पनि सपना सपनामै सिमित रहन्छ
कसले देखायो यस्तो सपना ?
जो भत्किन्छ खोलाका किनारजस्तै भएर
र एकदिन मर्छ सपना विपना नभई
सुतेको सुत्यै भएर ।

*प्रवासी नेपाली साहित्य समाजको सहआयोजनामा सम्पन्न विश्वब्यापी खुल्ला अडियो कविता प्रतियोगिता २०६८ मा प्रथम स्थान प्राप्त गर्न सफल कविता ।*

---

# गीत

चन्द्र रानोहोंछा

नकचरी बाटुली माया ला'को हैन भन्छे
हिजोसम्म दिल साटेर आजमैरै खैरो खन्छे

मर्छु भन्थी  अस्ति रुँदै मैले आँशु पुछिदिएँ
गुन्द्रुकिको भटि भित्रै पाँच हजारको जेथा दिएँ
अगतिनी बाटुली आज देब्रे कुरा गर्छे
मेरो सोझो मनभित्र नाना थरी शङ्का गर्छे

पशुपतिलाई देख्यो कि त गाई खाने पारो तात्छ
वीरे सित लसपस भा'को गाँठी कुरा मलाई थाहा छ
नाटक रचि भेट्छु भन्छु सधैं फुर्सद छैन भन्छे
घिचे जति थुपार भन्छु लाज पचाइ टक्टकिन्छे ।

*काठमाडौं*


प्रवासी नेपाली साहित्य
समारोह
वेदनाका आवाजहरू

प्रवासी नेपाली साहित्य समाज
United Kingdom





मत पत्र


# प्रवासी नेपाली साहित्य समाजका गतिविधिहरू



































श्री बुधुक उच्च माध्यमिक विद्यालय
BUDHUK HIGHER SECONDARY SCHOOL
प्रशंसा-पत्र


श्री पुण्य उच्च माध्यमिक विद्यालय
राजारानी, धनकुटा


प्रवासी प्रभात पुरस्कार तथा
सम्मान वितरण समारोह
काठमाडौं, सन् २०१२
Solutions


प्रवासी प्रभात पुरस्कार
नगद रु. ३१,१००/-


www.reportersclub.org
प्रवासी प्रभात पुरस्का
सम्मान वितरण स
रिपोर्टर्स क्लब नेपाल
REPORTERS CLU


रण समारोह
सन् २०१२
Society



"अनाथहरुलाई कष्टमा सहयोग गर्नु पवित्र धर्म हो"

**श्री दर्शन अनाथ बाल आश्रम**

बेल्टार -१,उदयपुर

स्था : २०६८

च.न.... प.न....

मितिः २०६८।३।१

विषय : धन्यवाद ज्ञापन सम्बन्धमा।

प्रस्तुत विषयमा यस आश्रममा आश्रित सम्पूर्ण बालबालिकाको हितको लागि आवश्यक पर्ने लत्ता कपडा, खानेकुरा र अन्य सामाग्रीहरु उपलब्ध गराई सहयोग गर्ने "प्रवासी नेपाली साहित्य समाज बुनाई/बेलायत" लाई यो आश्रम हार्दिक धन्यवाद ज्ञापन गर्दछ। सधन्यवाद सहित॥

इन्द्र विनोद घिमिरे
अध्यक्ष

---

**श्री ज्ञान प्रकाश उच्च माध्यमिक विद्यालय**

फुलबारी-४, घोराखोरी, ओखलढुङ्गा

**Shree Gyan Prakash Higher Secondary School**

Phulbari-4, Ghorakhori, Okhaldhunga

मितिः २०६६/०६/०२

विषय : भलिबल प्राप्त भएको बारे।

उपरोक्त सम्बन्धमा यस ओखलढुंगा जिल्ला फुलबारी गा.वि.स. वार्ड नं ४ घोराखोरीमा अवस्थित श्री ज्ञान प्रकाश उ.मा.वि. घोराखोरीलाई तपाईहरुको संस्था प्रवासी नेपाली साहित्य समाज (प्रभात) बाट दुईवटा भलिबल प्रदान गर्नु भएकोमा हामी यो विद्यालयको तर्फबाट धन्यवाद व्यक्त गर्दै भविष्यमा पनि तपाईहरुको सहयोगको अपेक्षा गर्दछौं।

इन्द्र बहादुर कार्की

---

# कलाकार भुटानीलाई सहयोग



तस्विरः अन्नपूर्ण

अन्नपूर्ण समाचारदाता

लामो समयदेखि अस्वस्थ्य रहेका कला निर्देशक गोपाल भुटानीलाई प्रवासी नेपाली समाज बेलायतले सहयोग गरेको छ। राजधानीमा शुक्रबार आयोजित एक कार्यक्रममा समाजका तर्फबाट जितेन्द्र लिम्जोङले ८३ हजार एक सय रुपैयाँ भुटानीलाई हस्तान्तरण गरे। नेसनल सिने फाउन्डेसनले आयोजना गरेको 'नेपाली सिनेमाले विकास शुल्क थेग्न सक्छ?' विषयक अन्तरसंवादमा भुटानीलाई उक्त रकम हस्तान्तरण गरिएको हो।

कार्यक्रममा सिनेकर्मीहरूले नेपाली सिनेमालाई करमुक्त गरिनुपर्ने, डिजिटल प्रविधिबाट सिनेमा देखाइरहेका हलहरूलाई कारबाही गरिनुपर्नेलगायतका माग राखेका थिए। सहभागी चलचित्रकर्मीबीच विकास शुल्क छुट गराउन तत्काल सडक आन्दोलन गर्ने वा आन्दोलनका सबै एजेन्डा तयार भइसकेपछि मात्रै आन्दोलन गर्ने भन्ने विषयमा चर्काचर्की परेको थियो। तत्काल आन्दोलन गर्नुपर्ने पक्षको नेतृत्व द्वन्द्वनिर्देशक राजेन्द्र खड्गीले गरेका थिए भने निर्देशक यादव खरेल भने सम्पूर्ण पक्षको विश्लेषण गरेर एजेन्डा तय गर्न सुझाव दिएका थिए। डिजिटल प्रविधिबाट सिनेमा देखाएमा नेपाली सिनेमा उद्योग धराशायी हुने तर्क उनीहरूको थियो।

राज्यले नियन्त्रण गर्न नसक्ने हुनाले डिजिटल प्रविधि नेपाली सिनेमाको बाधक हुने कुरा सिनेमाकर्मीहरूले बताइरहेका बेला चलचित्र विकास बोर्डका सदस्य देशभक्त खनाल भने राज्यकै नियमकानुनअन्तर्गत बनेका सिनेमा प्रदर्शन गर्ने हलहरूलाई कानुनको दायरामा ल्याउन आवाज उठाउन सुझाव दिइरहेका थिए। अहिले केही हलहरूले डिजिटल प्रविधि प्रयोग गरी स्याटेलाइटबाट चलचित्र गर्न थालेका छन्। यो प्रविधिबाट सिनेमा प्रदर्शन गर्न सुरु भएपछि यसको पक्ष र विपक्षमा सिनेमाकर्मीहरूबीच ध्रुवीकरण सुरु भएको छ। एकथरीले यसको पक्षमा वकालत गरिरहेका छन् भने अर्काथरीले यसलाई नेपाली सिनेमाको घाँटी निमोठ्ने कार्यको संज्ञा दिएका छन्।

---

"विद्या नै धन हो।"

**श्री अठारसय माध्यमिक विद्यालय**

बसन्तटार-५, अठारसय धनकुटा

स्था.-२०१९

पत्र संख्या : २०६६/०६७
चलानी नम्बर : १३२

कोड नं.०,०,००४,०००३
कोशी अञ्चल,नेपाल

मितिः २०६६।५।४६

विषय :- धन्यवाद।

प्रवासी नेपाली साहित्य समाज
बेलायत/बुनाई

[illegible]

प्र.अ.
प्रधानाध्यापक
श्री अठारसय मा.वि.
बसन्तटार-५
धनकुटा

---

# समुद्रमा साहित्यिक यात्रा

काठमाडौं : प्रवासी नेपाली साहित्य समाज, ब्रुनाइ/बेलायतले समुद्रमाथि सिर्जना वाचन तथा साहित्यिक यात्रा सम्पन्न गर्‍यो।

सोमवार बिहान ६ बजे ब्रुनाइको सेरियाबाट आरम्भ भएको साहित्यिक यात्रा राजधानी बन्दरसेरी बेगवानबाट चाहिँ समुद्रमाथि सुरु भएको थियो। साहित्यिक कार्यक्रमका लागि स्रष्टा मात्र रहने गरी छुट्टै सानो जहाज व्यवस्था गरिएको थियो।

सो अवसरमा सुरेन्द्र इङ्नाम र प्रकाश राईले बाँसुरीको धुन सुनाएका थिए भने किसन राईले मादलमा सङ्गीत भरेका थिए। त्यस्तै समाजका अध्यक्ष विश्वासदीप तिगेला र महासचिव आनन्द रानोहोङ्ग तथा साहित्यकार महेश बनेम, सञ्जीव राई, सन्देश नेम्वाङ, मिलन लामा, लिम्बू नयनलगायतले कविता, गीत, गजल र मुक्तक वाचन गरेका थिए। (सौस)



---


समाचारको बेग्लै स्वाद

अनलाइन समाचारमा सधैं अग्रणी

नेपाली समाचार

NEPALI SAMACHAR National Weekly राष्ट्रिय साप्ताहिक

www.nepaliSamachar.com

# प्रवासी नेपाली साहित्य समाज
# Nepali Diaspora Literature Society



विश्वास दीप तिगेला
अध्यक्ष



जितेन्द्र चेम्जोङ्
उपाध्यक्ष



मिलन चाम्स
उपाध्यक्ष



आनन्द रानोहोछा
महा-सचिव



किसन राई
सचिव



लिम्बु नयन
कोषाध्यक्ष



प्रकाश राई
सह-कोषाध्यक्ष

**मुख्य सल्लाहकार**
क्याप्टेन काजिमान लिम्बु

**सल्लाहकार**
गणेश राई
रामकृष्ण सुनुवार 'आँकला'
केदार सुनुवार 'संकेत'
ईश्वर चाम्लिङ



नवराज राई
पूर्व महा-सचिव
तथा सदस्य



सुरेन्द्र इङ्नाम
पूर्व अध्यक्ष
तथा सदस्य



महेश वनेम
सदस्य



सन्देश नेम्वाङ्
सदस्य



संजिव राई
सदस्य




मिलन लामा
सदस्य

www.pravasi.com.np, pravasisamaj@googlemail.com, facebook.com/nepalisahitya


www.pravasi.com.np
प्रवासी नेपाली साहित्य समाज
हार्दिक स्वागत गर्दछ
प्रवासी नेपाली साहित्य समाज
Nepali Diaspora Literature Society
संक्षिप्त परिचय
साहित्य
फोटोहरु
कमिटी
Audio Gajal Pages
1. Audio Gajals 01-16
2. Audio Gajals 17-32
3. Audio Gajals 33-52
BFBS Gurkha Radio
24 Hours Online
BFBS radio



www.nepaliliterature.com
अनलाईन नेपाली साहित्य मञ्च
Online Nepali Literature Forum
More
साहित्यकार पारिजात ( विष्णुकुमारी वाइवा) को सम्मानार्थ
पारिजात संग्रहालय
1293.81 KB
360.1 KB
170.59 KB
English

# विगतलाई फर्केर हेर्दा...













## प्रवासी वेदनाका आवाजहरु

## (साहित्य तथा विविध)

www.pravasi.com.np, pravasisamaj@googlemail.com, facebook.com/nepalisahitya